# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३३९ | काठमाडौं | बुधबार, २५ चैत २०८२ | Prabhab National Daily | Wednesday, 08 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णयविरूद्ध सर्वोच्चले माग्यो कारण

- सरकारी निर्देशनविरूद्ध राहुलकुमार साह र नेपाल मिडिया सोसाइटीको तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले दायर गरेको रिटमा १५ दिनभित्र लिखित जवाफ पेस गर्न सरकारलाई आदेश
- अन्तरिम आदेश जारी गर्ने वा नगर्ने विषयमा निर्णय लिन चैत ३० गते दुवै पक्षसँग छलफल
- सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भन्दै सरकारले जारी गरेको परिपत्र तत्काल फिर्ता गर्नेतर्फ सकारात्मक पहल नभएको भन्दै महासंघले आजबाट दबाब कार्यक्रम सुरू गर्ने
- सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई रोक्न दिइएको निर्देशन सार्वजनिक खरिद ऐन, संघीयताको मर्म र संविधानविरोधी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने सरकारको निर्णयविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ। मंगलबार सर्वोच्चका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले सरकारको नाममा कारण पेस गर्न आदेश गरेको हो ।

साथै, सर्वोच्चले अन्तरिम आदेश जारी गर्ने वा नगर्ने विषयमा निर्णय लिन दुवै पक्षलाई छलफलका लागि चैत ३० गते बोलाएको छ । आदेशमा भनिएको छ, 'विषयवस्तुको प्रकृति र गम्भीरता हेर्दा अन्तरिम आदेश जारी हुने वा नहुने विषयमा निष्कर्षमा पुग्न दुवै पक्षलाई राखी छलफल गर्नु मनासिब देखिन्छ ।' न्यायाधीश पोखरेलको एकल इजलासले सरकारका नाममा १५ दिनभित्र लिखित जवाफ पेस गर्नसमेत आदेशमा उल्लेख गरिएको छ ।

सरकारी निर्देशनविरुद्ध राहुलकुमार साह र नेपाल मिडिया सोसाइटीको तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार रिट निवेदन दायर गरेका थिए । सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको दाबी रिटमा छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गत बुधबार सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममार्फत मात्र गर्नुपर्ने भन्दै सबै निकायमा परिपत्र गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

### पत्रकार महासंघको दबाब कार्यक्रम आजदेखि

**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्ने निर्णय फिर्ता लिन माग गर्दै सरकारविरुद्ध दबाब कार्यक्रम सार्वजनिक गरेको छ । सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भन्दै सरकारले जारी गरिएको परिपत्र तत्काल फिर्ता गर्नेतर्फ सकारात्मक पहल नभएको भन्दै महासंघले आजबाट दबाब कार्यक्रम आयोजना गर्न लागेको हो ।

सोमबार सरकारी निर्णयको विरोधमा सञ्चार तथा सूचनाप्रविधिमन्त्री विक्रम तिमिल्सिनालाई ध्यानाकर्षण गराएको महासंघले मंगलबार दबाब कार्यक्रम सार्वजनिक गरेको छ । महासंघको तालिकाअनुसार आज चैत २५ महासंघका पूर्वअध्यक्षसँग छलफल, चैत २६ गते राष्ट्रिय दैनिक, साप्ताहिक, अनलाइनका सम्पादकसँग छलफल गरी दबाब बढाउने कार्यक्रम तय भएको महासंघका महासचिव रामप्रसाद दाहालले बताए ।

क्रमशः पृष्ठ २ मा

## रास्वपा सरकारले भुल्यो वाचापत्र तोड्यो पारदर्शिताको वाचा

■ **जेबी योञ्जन**

**काठमाडौं–** सुशासन कायम, भ्रष्टाचार नियन्त्रण र पारदर्शिताको एजेण्डा बोकेको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को वाचापत्रको १६औं बुँदामा सार्वजनिक पद धारण गर्नुअघि सम्पत्ति विवरण सार्वजनिक गर्ने उल्लेख छ ।

रास्वपाको एकल सरकार गठन भएको आज १३ दिन भएको छ । तर, पद धारण गर्नुअघि सम्पत्ति विवरण सार्वजनिक गर्ने भनिए पनि अहिलेसम्म छैन । प्रधानमन्त्री वालेन्द्र शाह चुपचाप छन् । उनको मन्त्रिपरिषद्का कोही मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक भएको छैन ।

मन्त्रिपरिषद्मा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ, गृहमन्त्री सुधन गुरुङ, कानुनमन्त्री सोविता गौतम, सामान्य प्रशासनमन्त्री प्रतिभा रावल, कृषिमन्त्री गीता चौधरी, सञ्चारमन्त्री विक्रम तिमल्सिना, शिक्षामन्त्री सस्मित पोखरेल, पर्यटनमन्त्री खडक पौडेल, भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साल, महिलामन्त्री सीता वादी, स्वास्थ्यमन्त्री निशा मेहता र श्रममन्त्री दीपककुमार साह छन् ।

गत ७ फागुनमा कर्णाली प्रदेशको राजधानी सुर्खेतमा रास्वपाले १०० बुँदे वाचापत्र सार्वजनिक गरेको थियो । वाचापत्रको १६ नम्बर बुँदामा सम्पत्ति विवरण सार्वजनिक पद सम्हाल्नुअघि नै सार्वजनिक गर्ने वाचा थियो ।

'सार्वजनिक पद सम्हाल्नुअघि हामी आफ्नो सम्पत्ति विवरण पूर्णरूपमा सार्वजनिक गर्नेछौं । निर्वाचनअघि र आफ्नो कार्यकाल पूरा भएपछि हामी र हाम्रो परिवारको सम्पत्तिमा कति परिवर्तन आयो ? त्यसको स्वतन्त्र लेखापरीक्षण गराएर जनतामाझ सार्वजनिक गर्नेछौं,' रास्वपाको वाचा थियो ।

यो वाचा सुशासन र पारदर्शितासँग सम्बन्धित हो । तर, वाचाअनुसार



सम्पत्ति विवरण सार्वजनिक नगरेर मतदातालाई ढाँटेको भन्दै आलोचना भइरहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता हेमराज अर्यालका अनुसार मंगलबार अपराह्नसम्म अर्थमन्त्री वाग्लेले मात्र आफ्नो सम्पत्ति विवरण बुझाएका छन् । अन्य मन्त्रीहरूको विवरण आउने क्रममा रहेको उनको भनाइ छ । पदधारण गरेको दुई साता भइसक्दा पनि प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरिएको छैन । जबकि, रास्वपाको वाचापत्रमा पदधारण गर्नुअघि नै सार्वजनिक गर्ने बताइएको छ । तर, उक्त वाचा प्रधानमन्त्री शाह र उनका मन्त्रीहरूले तोडिदिए ।

कानुनीरूपमा सार्वजनिक पदमा नियुक्त व्यक्तिले ६० दिनभित्र आफ्नो र परिवारको नाममा रहेको सम्पत्तिको विवरण सम्बन्धित निकायमा बुझाउनुपर्ने व्यवस्था भए पनि त्यसलाई सार्वजनिक गर्नुपर्ने बाध्यता भने छैन । तर, रास्वपाले चुनावअघि नै 'पद सम्हाल्नुअघि सम्पत्ति विवरण सार्वजनिक गर्ने स्पष्ट वाचा गर्दा मतदातामा ठूलो भरोसा र अपेक्षा सिर्जना गरेको थियो । उसले झण्डै दुईतिहाइ बहुमत प्राप्त गर्नुमा उसको पारदर्शितासम्बन्धी प्रतिबद्धताले काम गरेको टिप्पणी भइरहेको छ ।



> अहिले यत्ति भनौं, अबको मन्त्रिपरिषद् बैठकबाट त्यसबारे हामी निर्णय गर्छौं ।
>
> ■ **सस्मित पोखरेल**
> सरकारका प्रवक्ता



> चुनावका बेला गरिने वाचा जनतासँगको करारजस्तै हो । यदि त्यो पूरा गर्न सकिँदैन भने किन सकिएन भन्ने स्पष्टरूपमा जनतालाई जानकारी दिनुपर्छ ।
>
> ■ **मदनकृष्ण शर्मा**
> प्रमुख, ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल

तर, अहिले व्यवहारमा त्यो वाचा कार्यान्वयन नहुँदा रास्वपामाथि जनतालाई भ्रममा पारेर मत लिएको आरोप लाग्न थालेको छ । रास्वपाबाट शिक्षामन्त्री भएका सरकारका प्रवक्ता सस्मित पोखरेलले अर्को मन्त्रिपरिषद् बैठकले सम्पत्ति विवरण सार्वजनिक गर्नेबारे निर्णय गर्ने बताए । 'अहिले यत्ति भनौं, अबको मन्त्रिपरिषद् बैठकबाट त्यसबारे हामी निर्णय गर्छौं,' उनले मंगलबार मन्त्रिपरिषद् बैठकपछि पत्रकारहरूलाई भने ।

भ्रष्टाचारविरुद्ध काम गर्ने संस्था ट्रान्स्परेन्सी इन्टरनेसनल नेपालका प्रमुख मदनकृष्ण शर्माले रास्वपादे तोडेको वाचाले जनविश्वासमा नकारात्मक असर पार्ने बताएका छन् । 'चुनावका बेला गरिने वाचा जनतासँगको करारजस्तै हो । यदि त्यो पूरा गर्न सकिँदैन भने किन सकिएन भन्ने स्पष्टरूपमा जनतालाई जानकारी दिनुपर्छ,' उनले भने, 'नत्र यो मतदातालाई ढाँटिएको जस्तो देखिन्छ ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### श्रममन्त्री-व्यवसायी छलफल

## देशगत लागत निर्धारण गर्न संघको माग तत्काल रसिद उपलब्ध नगराउने अडान



> गन्तव्य मुलुकअनुसार लागत निर्धारण गरी कार्यान्वयन गर्नु अत्यावश्यक छ भनेर स्पष्ट राख्यौं । बैठकले व्यवसायीहरु त्रसित हुनुपर्ने अवस्था नरहने संकेत दिएको छ ।
>
> ■ **महेशकुमार बस्नेत**
> महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



> अर्को निर्णय नहुञ्जेलसम्मका लागि हाल कानुनमा भएको व्यवस्थालाई नै कार्यान्वयन गर्न भनेका छौं । उहाँ (व्यवसायी)हरूले यसले समस्या हुन्छ, देशगत लागत छुट्याउनुपर्छ भन्नुभएको छ । यो विषय छलफल गरेर टुंगो लगाउँछौं ।
>
> ■ **पिताम्बर घिमिरे**
> प्रवक्ता, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय



■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले रोजगारीमा जाने श्रमिकको देशगत लागत निर्धारण गर्न माग गरेको छ । मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भएको छलफलमा संघका पदाधिकारीले १० हजार रूपैयाँ सेवा शुल्कमा व्यवसाय सञ्चालन गर्न नसकिने अडान राख्दै श्रममन्त्री दीपककुमार साहसमक्ष देशगत लागत छुट्याउन माग गरेका हुन् ।

श्रममन्त्री साहले गत शनिबारमात्रै कामदारबाट १० हजार रूपैयाँभन्दा बढी सेवा शुल्क लिएको पाइए कारबाही गर्ने चेतावनीसहितको भिडियो सन्देश जारी गरेका थिए । संघले भने 'फ्रि भिसा, फ्रि टिकट'को अव्यावहारिक प्रावधान लागू गर्न असम्भव भएको स्पष्ट पारेको महासचिव महेशकुमार बस्नेतले बताए । देशगत लागत निर्धारण गरी श्रमिकको एक महिनाको तलबबराबरको सेवा शुल्कको व्यवस्था गर्नुपर्ने माग व्यवसायीको तर्फबाट संघले राखेको उनले बताए ।

'१० हजार रूपैयाँमा श्रमिक पठाउने विषय अव्यावहारिक छ । जबरजस्ती गर्न खोजियो भने पनि सकिँदैन,' उनले भने, 'गन्तव्य मुलुकअनुसार लागत निर्धारण गरी कार्यान्वयन गर्नु अत्यावश्यक छ भनेर स्पष्ट राख्यौं ।

क्रमशः पृष्ठ २ मा

## कृषि क्षेत्रतर्फको भाषा परीक्षामा २०२० जना सफल

**काठमाडौं (प्रस)–** कृषि तथा पशुपालन क्षेत्रको कोरियन भाषा परीक्षामा ७.२८ प्रतिशत अर्थात् दुई हजार २० जना परीक्षार्थी सफल भएका छन् । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाका अनुसार परीक्षामा सहभागी भएकामध्ये उक्त संख्यामा परीक्षार्थी उत्तीर्ण भएका हुन् ।

शाखाका अनुसार कृषि क्षेत्रको परीक्षामा ३५ हजार २१८ जनाले फाराम भरेकामा ७८.८ प्रतिशतमात्र सहभागी भएका थिए । जसअनुसार २७ हजार ७६४ जना परीक्षामा उपस्थित भएका थिए । परीक्षामा कम्तीमा ९७.५ प्रतिशत अंक ल्याएकाहरू पास भएको जनाइएको छ । कृषि क्षेत्रको परीक्षा गत फागुन तीन गतेदेखि चैत १८ गतेसम्म भएको थियो ।

यसअघि गत फागुन २६ गति प्रकाशित नतिजाका अनुसार उत्पादनमूलक क्षेत्रतर्फ छ हजार ७१ जना उत्तीर्ण भएका छन् । योसँगै सन् २०२५ को कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रतर्फ जम्मा आठ हजार ८१ जनाले भाषा परीक्षा उत्तीर्ण गरेका छन् । कोरियाले दुवै क्षेत्रतर्फ कूल पाँच हजार ३०० जना कामदार लग्ने जनाएको छ ।

क्रमशः पृष्ठ २ मा


## एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरूरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्यौट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरूका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail.com

**पृष्ठ १ बाट क्रमशः**

## रास्वपा सरकारले...

पारदर्शिताको वाचा गरेर सत्तामा पुगेपछि त्यसलाई कार्यान्वयन नगर्नु राजनीतिक नैतिकतामाथिको प्रश्न हो । यस्तो अवस्थामा रास्वपाले आफ्नो विश्वसनीयता जोगाउन सार्वजनिक पद धारण गरेकाहरूलाई सम्पत्ति विवरण सार्वजनिक गर्न छिटो निर्णय लिनुपर्ने दबाब बढ्दै गएको छ ।

कतिपयको विश्लेषणमा चुनावअघि गरेको प्रतिबद्धता पूरा गरेर देखाउने कि कानुनी प्रावधानको आडमा पछि हट्ने भन्ने प्रश्नले अब रास्वपाको राजनीतिक छविलाई प्रत्यक्ष प्रभाव पार्ने छ । विगतमा कतिपय सार्वजनिक पदधारण गरेका अधिकारीहरूले सम्पत्ति विवरण सार्वजनिक नगर्दा वा ढिलाइ गर्दा रास्वपा नेता कार्यकर्ताहरू सर्वाधिक आलोचना गर्थे । शासनसत्तामा सुशासन र पारदर्शितासँगै जवाफदेहिताका लागि उनीहरूले गर्ने आलोचनालाई मानिसहरू समर्थन गर्थे । लोकतान्त्रिक शासन प्रणालीमा सार्वजनिक पदमा बस्नेहरूलाई जनउत्तरदायी बनाउन आवश्यक मानिन्छ । तर, विगतमा आलोचना गर्ने दल रास्वपा र उक्त दलबाट प्रधानमन्त्री, मन्त्री र महान्यायाधिवक्ता भएका कसैले सम्पत्ति विवरण सार्वजनिक नगरेर आफ्नै वाचापत्रको खिल्ली उडाएका छन् ।

जबकि, बालेन सरकार पारदर्शिता, सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि भएको जेन-जी विद्रोहको पृष्ठभूमिमा बनेको हो । विद्रोहको यो दलले औपचारिकरूपमा स्वामित्व ग्रहण गरेको छैन । तर, विद्रोहको 'म्याण्डेट' बालेन सरकारलाई छ । अर्थात्, उनलाई प्रधानमन्त्री बनाएको दल रास्वपालाई छ । रास्वपा प्रवक्ता मनिष झाले वाचापत्रमा सार्वजनिक पदधारणअघि सम्पत्ति सार्वजनिक गर्नेबारे बाहिर प्रश्न उठेको भन्दै सरकारमा प्रधानमन्त्रीदेखि मन्त्री भएकाहरूलाई थाहा दिने बताए ।

'हामीमाथि यो यो प्रश्न उठ्यो, अब छिटो सम्पत्ति विवरण सार्वजनिक गर्नुहोला भनेर ध्यनाकर्षण गराउँछौं,' उनले मंगलबार संसद् बैठकपछि भने ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा) लगायतका दलहरूले ३५ वर्ष शासनसत्ता चलाउँदा सुशासन र पारदर्शितामा यी दलहरू चुकेको आरोप लाग्दै आएको छ । यद्यपि, 'नयाँ', जान्नेलाई छान्नेदेखि 'देश बनाउने' शक्ति भनिएको रास्वपाले आफ्नै वाचालाई डेढ महिनामै भुलेको छ ।

सोमबार प्रतिनिधिसभा बैठकमा बोल्दै रास्वपा सांसद डा. राम लामाले पारदर्शिता र सुशासनको अपेक्षासहित जनताबाट रास्वपाले अभूतपूर्व मत पाएको बताए । 'विशेषगरी परिवर्तन, पारदर्शिता, सुशासनको अपेक्षासहित राष्ट्रिय स्वतन्त्र पार्टीप्रति अभूतपूर्व विश्वास व्यक्त गर्नुहुने सम्पूर्ण मतदाताप्रति म आभार प्रकट गर्न चाहन्छु,' उनले विशेष समयमा भने ।

रास्वपाकै अर्की सांसद निशा डाँगीले पनि रास्वपाले प्राप्त गरेको जनमत सुशासन, पारदर्शिता र जनउत्तरदायीसँग सम्बिन्धत रहेको बताइन् । तर, भाषणबाजी र वाचापत्रमा सुशासन र पारदर्शिताको कुरा गर्ने रास्वपाको व्यवहार भने ठीक उल्टो देखिएको छ ।

■■■

## निजी सञ्चारमाध्यमलाई...

सरकारको उक्त निर्णयले विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाएको जिकिरसमेत रिटमा छ ।

सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको अधिवक्ता लुइँटेलले जिकिर गरेका छन् । रिटमा चौथो अंग आतंकित भइसकेकोसमेत उल्लेख छ । रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३, (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्न नगराउन भनी परमादेश माग गरिएको छ ।

सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई रोक्न दिइएको निर्देशन सार्वजनिक खरिद ऐनविरोधी कदमसमेत भएको खुलेको छ । यसैगरी यो कदम संघीयताको मर्मविपरित र संविधानविरोधीसमेत देखिएको छ । यसखाले कदमबाट पछि नहटे सञ्चारकर्मीसमेत सडकमा आउन बाध्य हुने बताइएको छ ।

■■■

## पत्रकार महासंघको...

त्यसैगरी चैत २७ गते राजनीतिक दलका संसदीय दलका नेतासँग छलफल गर्ने, चैत २८ र २९ गते महासंघको केन्द्रीय समिति बैठक राख्ने कार्यक्रम तय गरेको छ ।

यस अवधिमा माग पूरा नभए दबाबका थप कार्यक्रम अगाडि बढाइने गरिने महासचिव दाहालले बताए । केन्द्रीय समितिले तय गरेका दबाब कार्यक्रम प्रदेश समिति र शाखाहरूले गर्ने पनि तय भएको महासंघले जनाएको छ । यसका साथै श्रमजीवी पत्रकारलाई नियमित पारिश्रमिक र सेवा-सुविधा उपलब्ध गराउन सञ्चार गृहहरूसँग महासंघले अनुरोधसमेत गरेको छ ।

सरकारको निर्णय तत्काल खारेज गरी सरकारी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउन महासंघले सोमबार माग गरेको थियो । महासंघकी अध्यक्ष निर्मला शर्मा नेतृत्वको टोलीले सञ्चारमन्त्री तिमिल्सिनालाई ज्ञापनपत्र बुझाउँदै निर्णय तत्काल खारेज गर्न माग गरेको थियो ।

विज्ञापनसम्बन्धी पछिल्लो सरकारी निर्णयको विरोधमा नेपाल प्रेस युनियनले देशव्यापी कार्यक्रम घोषणा गरेको छ । युनियनले उक्त निर्णयले प्रेस स्वतन्त्रता, मिडियाको आर्थिक अवस्था तथा सूचनाको बहुलतामा गम्भीर असर पर्ने ठहर गर्दै सबै प्रदेश, जिल्ला तथा प्रतिष्ठान शाखालाई सात दिनभित्र अन्तरक्रिया कार्यक्रम आयोजना गर्न निर्देशन दिइएको छ ।

यस निर्णयले निजी तथा स्वतन्त्र मिडियामा ठूलो आर्थिक संकट निम्त्याउने, रोजगारी गुम्ने र सञ्चार गृहहरू बन्द हुने जोखिम रहेको युनियनले चेतावनी दिएको छ । युनियनका अध्यक्ष शिव लम्सालले उक्त निर्णयलाई प्रतिस्पर्धात्मक मिडिया वातावरणविरुद्धको कदम भन्दै आपत्ति जनाएका छन् ।

■■■

## देशगत लागत...

बैठकले व्यवसायीहरू त्रसित हुनुपर्ने अवस्था नरहने संकेत दिएको छ ।'

फ्रि भिसाको नीतिलाई कार्यान्वयनमा ल्याउन भन्दै वैदेशिक रोजगार विभागले यही चैत २९ गतेबाट विमानस्थलमा श्रमिकले तिरेको रमकको भर्पाई अनिवार्य जाँच गर्ने भनेको छ । संघले अहिलेको अवस्थामा श्रमिकलाई रसिद उपलब्ध गराउन नसक्नेसमेत स्पष्ट पारेको महासचिव बस्नेतले बताए । नीतिगत सुधार भएपछि मात्र यस्तो नियम पालना गर्न सकिने उनले बताए ।

तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले २०७२ जेठ २६ गतेदेखि खाडीका प्रमुख गन्तव्य मुलुक र मलेसिया जाने श्रमिकका लागि फ्रि भिसा, फ्रि टिकटको नीति कार्यान्वयनमा ल्याएका थिए । तर एक दशक बितिसक्दा पनि यो प्रावधान व्यावहारिक कार्यान्वयन हुनसकेको छैन ।

छलफलमा संघले सेवा शुल्कसहित मागपत्र प्रमाणीकरणमा आवश्यक सुधार, गन्तव्य मुलुकमा श्रम सहचारीको व्यवस्था, धरौटी रकमको ब्याजसम्बन्धी व्यवस्था, संयुक्त अरब इमिरेट्स (युएई) जाने श्रमिकको पुलिस रिपोर्ट प्रमाणीकरणको शुल्क हटाउने र साउदी दूतावासमा भिसा स्टचाम्पिङमा पहुँच व्यवस्थापनको सातबुँदे समस्या राखेको जानकारी दिइएको छ ।

मन्त्रालयले भने अर्को निर्णय नहुञ्जेल कानुनमा भएको प्रावधानलाई नै निरन्तरता दिने जनाएको छ । यो विषयलाई थप छलफल गरेर टुंग्याइने प्रवक्ता पिताम्बर घिमिरेले बताए । 'अर्को निर्णय नहुञ्जेलसम्मका लागि त पहिलेदेखि नै भएको व्यवस्थालाई कार्यान्वयन गर्ने भनेका छौं,' उनले भने, 'उहाँहरूले यसले समस्या हुन्छ, देशगत लागत छुट्याउनुपर्छ । त्यो भयो भने अहिलेको विकृति विसंगति हट्छ भन्नुभएको छ । यो छलफल गरेर टुंगो लगाउँछौं ।'

वैदेशिक रोजगारीका विकृति हटाउन व्यवसायीसँग सहकार्य गर्न मन्त्रालय तयार रहेको घिमिरेले बताए । यस क्षेत्रको सुधारका लागि आवश्यक काम तीनदेखि छ महिनामा टुंग्याउनेगरी मन्त्री साह लागेको मन्त्रालयका अधिकारीहरू बताउँछन् । मन्त्री साहले संघको तर्फबाट चार जना कार्यदलमा रहनेगरी प्रतिनिधि माग गरेको जानकारी दिइएको छ । वैदेशिक रोजगार ऐन, नियममावली तथा कार्यविधिमा आवश्यक संशोधनका लागि संघका अध्यक्ष भुवनसिंह गुरुङलाई कार्यदलमा राखेर आज (बुधबार)देखि नै काम अगाडि बढाइने ती अधिकारीले बताए ।

■■■

## कृषि क्षेत्रतर्फको ...

जसमध्ये तीन हजार ५०० जनालाई उत्पादनतर्फ र एक हजार ८०० जनालाई कृषि तथा पशुपालनमा लग्ने भनिएको छ । गत वर्ष खुलेको भाषा परीक्षामा एक लाख दुई हजार ५६४ जनाले आवेदन दिएका थिए ।

अब भाषा परीक्षा पास भएकाहरूको स्किल तथा कम्पिटेन्सी टेस्ट हुने छ । उक्त टेस्टमा पनि उत्तीर्ण भएपछि रोजगार आवेदन फाराम भर्न सक्ने छन् । उत्पादनमूलक क्षेत्रको स्किल टेस्टका लागि यही चैत मसान्तसम्म आवश्यक कागज बुझाइसक्नुपर्ने इपिएस शाखाले जनाएको छ । कृषितर्फको टेस्टका लागि भने अर्को सूचना निकाल्ने भनिएको छ । परीक्षा दिनका लागि २८ डलर लाग्ने छ ।

कोरियाले नेपाल सरकार र त्यहाँको श्रम, रोजगार तथा सामाजिक मन्त्रालयबीच सम्पन्न समझदारीपत्र (एमओयू) अनुरूप आवेदन खुलाउने गरेको छ । नेपालसहित १७ मुलुकबाट इपिएस प्रणालीमार्फत अदक्ष श्रमिकहरू लग्दै आएको छ । नेपालबाट श्रमिक लग्न थालिएको सन् २००८ यता एक लाख २० हजारभन्दा धेरै युवाहरू भाषा परीक्षा पास गरेर कोरिया गइसकेका छन् ।

# 'स्वास्थ्य चुनौती सम्बोधन गर्न सरोकारवालाबीच सहकार्य अपरिहार्य'

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताले संविधानमा प्रदत्त मौलिक हकको कार्यान्वयनमार्फत सबैका लागि स्वास्थ्य र सुरक्षित नेपाल निर्माण गरिने बताएकी छन् ।

विश्व स्वास्थ्य दिवस २०८२ का अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा उनले पछिल्ला समय देखिएका स्वास्थ्य चुनौती समाधानका लागि सबै क्षेत्र र सरोकारवालाबीच सहकार्य अपरिहार्य रहेको बताएकी हुन् ।

मन्त्री मेहताले मानव, पशुपन्छी र वातावरण एकअर्काबीच घनिष्ठ सम्बन्ध रहेकाले प्रकृति सुरक्षित र पशुपन्छी स्वस्थ नहुँदासम्म मानव जाति पूर्णरूपमा स्वस्थ रहन नसक्ने बताइन् । जनावर तथा पशुपन्छीबाट मानवमा सर्ने रोगको जोखिम बढिरहेको उल्लेख गर्दै उनले जलवायु परिवर्तनका कारण कीटजन्य रोग वृद्धि भइरहेको बताइन् ।

'वातावरणीय प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी समस्या, मुटु, मस्तिष्काघातजस्ता नसर्ने रोग बढिरहेका छन्,' उनले भनिन्, 'मानव र पशुन्छीमा 'एन्टिमाइक्रोवियल' औषधिको अत्यधिक र जथाभावी प्रयोगले 'प्रतिजैविक प्रतिरोध'ले ठूलो समस्या निम्त्याएको छ, यसतर्फ अब सजग हुनुपर्छ ।'



मन्त्री मेहताले रोगको सम्भावित जोखिम कम गर्न व्यक्तिगत सरसफाइमा ध्यान दिन, घरपालुवा जनावरलाई खोप लगाउन, स्वास्थ्यकर्मीको सल्लाहमामात्रै एन्टिबायोटिक औषधि प्रयोग गर्न र वातावरण स्वच्छ राख्नेतर्फ आमजनतालाई आह्वान गरिन् । 'मानव, पशुपन्छी र पर्यावरणको हित, विज्ञान र एक स्वास्थ्य हाम्रो जित' नाराका साथ नेपालसहित विश्वभर मंगलबार विभिन्न कार्यक्रम गरी दिवस मनाइएको छ ।


**गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लि.**
फोन नं.०१-४५२८९६६ ०१-४५३४०६६, E-mail- goretosave@gmail.com

**ठाउँ सारी सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०४८ बमोजिम सहकारी डिभिजन कार्यालय काठमाडौंमा दर्ता (दर्ता नं.२७१९/०६६/०६७) भई काठमाडौं जिल्ला, काठमाडौं महा नगरपालिका, वडा नं. ६, चुच्चेपाटी स्थित प्यान नं.३०४०१६०५७ मा दर्ता रहेको यस गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लि. को मिति २०८१/०९/१३ गते सम्पन्न भएको १५ औं साधारणसभा र २०८२/०९/२६ गते सम्पन्न १६ औं साधारण सभाबाट संस्थाको साविकको ठेगाना का.म.न.पा.६ चुच्चेपाटिबाट परिवर्तन गरी संस्थाको आफ्नै भवन रहेको जिल्ला काठमाडौं का.म.न.पा.४ धुम्बाराही चण्डोल स्थित बंशिधर मार्गमा कार्यालयको ठेगाना स्थानान्तरण गरिएको यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Nepal Life Recruitment Agency Pvt. Ltd.** (ई.प.नं. १४७६/०७४/७५) मा कार्यरत **हरिबहादुर भट्टराई (ना.प्र.प.नं.०५) र साहिद कवारी (ना.प्र.प.नं. ४९१६५२९४)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निज व्यक्तिहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

LIC No. 1476/074/75
NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Kalimatidol, Prakash Sanyas Ashram Marga, Kathmandu, Nepal, Tel: 015928095
E-mail : nepallifera1476.2017@gmail.com

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nepal HR Solution Pvt. Ltd.** इजाजत नम्बर १०८२/०७३/७४ मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.स | नाम | ठेगाना | ना.प्र.नं. |
|---|---|---|---|
| १. | रेश्मा शाही | खरानीटार न.पा.-१, नुवाकोट | २५-०१-७३-०४२६१ |
| २. | रिता खड्का | मन्थली न.पा.-१२, रामेछाप | २११०३५-२४२९७ |
| ३. | पवित्रा कुमारी खड्का | चौदन्दीगढी न.पा.-६, उदयपुर | १४-०१-७३-०२८४२ |
| ४. | रभि लाल गुरुङ | कमला गा.पा.-३, झापा | ९७७३०६५६६ |
| ५. | मोनालिसा राज शाह | चक्रघट्टा गा.पा-३, सर्लाही | १९१०३६-३२९ |
| ६. | पुजा थापा | मेचीनगर न.पा.-४, झापा | ०४-०१-७१-०३९६१ |

**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal,
Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com,
Web: www.nepalhrsolution.com

**सर्टिफिकेट हराएको सूचना**

मिति २०८२/०९/०१ गते काठमाडौं जिल्ला, बुढानिलकण्ठदेखि कोटेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी भएको Master's तहको डिग्री सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : मुना शर्मा**
**रजिस्ट्रेसन.नं.: ५-२-१९-४५६-२०१३**
**रोल नं.: Geo315/074**
**तह : Master's (स्नातकोत्तर)**
**ठेगाना : काठमाडौं**
**सम्पर्कः : ९८६३२१९९८८**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बुधबार, २५ चैत, २०८२**

**मेष** – स्वास्थ्यमा सुधार आउनेछ । अश्विनिकुमारको स्तुतिबाट दिनको सुरुवात गर्नुहोला ।

**वृष** – मन बेचैन रहनेछ । वामनावतार भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला ।

**मिथुन** – अनावश्यक झमेलामा फसिनेछ । दुर्गा माताको प्रार्थना गर्दै दिनको सुरुवात गर्नुहोला ।

**कर्कट** – प्रसम्शा पाउने योग रहेको छ । भगवान चन्द्रशेखरको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला ।

**सिंह** – बेकारको कार्यमा दिन बित्न सक्छ । शिवस्तव स्तोत्रको पाठ गरि अघि बढ्नुहोला ।

**कन्या** – प्रेममा धोका मिल्न सक्छ । राधा नामको पाठ गरेमा राम्रो हुनेछ ।

**तुला** – व्यस्ततामा दिन बित्नेछ । भगवान भोलेबाथको स्मरणबाट दिनको सुरुवात गर्नुहोला ।

**वृश्चिक** – क्रोधले विवेक नाश होला । दत्तात्रेय भगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला ।

**धनु** – यात्राको अवसर मिल्नेछ । भगवान गणेशको स्तुति गान गर्नुहोला।

**मकर** – मनमा विचारको बाढी आउनेछ । ब्रह्मक्स्हारीणी माताकोको स्मरण गरि दिनको सुरुवात गर्नुहोला ।

**कुम्भ** – कार्य सफल हुनेछ । सिद्धिविनायकको स्तुति गरि अघि बढ्नुहोला ।

**मीन** – मन प्रफुल्ल रहनेछ । सीतारामको भक्तिगान गरि दिनको सुरुवात गर्नुहोला ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ चैत, २०८२ (०८ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८.६० | १४९.२० |
| युरो | १ को | १७१.५३ | १७२.२२ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.६८ | १९७.४७ |
| स्विस फ्रैन्क | १ को | १८६.११ | १८६.८६ |
| अस्ट्रेलियन डलर | १ को | १०२.९१ | १०३.३२ |
| क्यानाडियन डलर | १ को | १०६.७६ | १०७.१९ |
| सिङगापुर डलर | १ को | ११५.६८ | ११६.१५ |
| जापानी येन | १० को | ९.३१ | ९.३५ |
| चिनियाँ युआन | १ को | २१.५९ | २१.६८ |
| साउदी अरब रियाल | १ को | ३९.५८ | ३९.७४ |
| कतारी रियाल | १ को | ४०.७५ | ४०.९१ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.४६ | ४०.६२ |
| मलेसियन रिङेट | १ को | ३६.९० | ३७.०५ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९२ |
| स्विडिस क्रोनर | १ को | १५.७८ | १५.८४ |
| डेनिस क्रोनर | १ को | २२.९५ | २३.०५ |
| हङकङ डलर | १ को | १८.९६ | १९.०४ |
| कुवेती दिनार | १ को | ४८४.१२ | ४८६.०७ |
| बहराइन दिनार | १ को | ३९४.१६ | ३९५.७६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**प्रतिनिधिसभा बैठक** | सिंहदरबारमा मंगलबार बसेको प्रतिनिधिसभाको बैठकमा सहभागी सांसदहरू । *तस्विर: रासस*

# बोडेका सुजन चौथोपटक जिब्रो छेड्न तयार



**भक्तपुर–** मध्यपुरथिमि नगरपालिका बोडेमा हरेक नयाँ वर्षको वैशाख २ गते मनाइने प्रसिद्ध 'जिब्रो छेड्ने जात्रा'मा यस वर्ष चौथोपटक बोडेका २९ वर्षीय सुजन बाग श्रेष्ठले जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिने भएका छ ।

नवौंपटक जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिँदै आएका बोडेका ५१ वर्षीय बुद्धकृष्ण बाग श्रेष्ठका कान्छा छोरा सुजनले तीन वर्ष अगाडि जिब्रो छेडाएर पुस्तान्तरण गरेको र यस वर्ष पनि आफैंले जिब्रो छेडेर जात्रा मनाउने उनले बताए ।

कृष्णचन्द्र बाग श्रेष्ठले १२ पटक जिब्रो छेडाएपछि उनका भाइ बुद्धकृष्ण बाग श्रेष्ठले नौपटक जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिँदै आएकामा तीन वर्षदेखि बुद्धकृष्णका कान्छा छोराले जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिँदै आएकामा यस वर्ष चौथोपटक जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिने भएका हुन् ।

जात्राका कर्मी नायोसमेत रहेका कृष्णचन्द्र बाग श्रेष्ठले ४०० वर्ष अगाडिदेखि यो जात्रा चल्दै आएको र अहिलेसम्म कुनै पनि परिस्थितिमा यो जात्रा नरोकिएको बताए । जात्राका लागि चार दाम चढाएपछि जिब्रो छेड्ने व्यक्तिले अशुद्ध व्यक्तिलाई छुन नहुने, महिलालाई छुन नहुने, जुठो, सुतक परेको व्यक्तिलाई छुन नहुने, जुठो, नुन खान नहुने, बोडे देश छाडेर बाहिर जान नहुने सुजनका बुबा बुद्धकृष्णले बताए ।

यसअघि नौपटक जिब्रो छेडाएर जात्रा चलाएका उनले जिब्रो छेड्ने व्यक्तिले तीन दिनअघिदेखि व्रत बस्नुपर्ने बताए । सानैदेखि बुवाले जिब्रो छेडेर जात्रा चलाएको हेर्दा अगाडि हजारौंले जयजयकार गरेको देख्दा आफूलाई कहिले जिब्रो छेडौंजस्तो लाग्ने गरेको बताउँदै सुजनले पहिलोपटक जिब्रो छेड्दा उत्साह र उमंगले दुखाइसमेत याद नभएको बताए ।

पहिला जिब्रो छेड्ने मानिसको कमी हुने गरे पनि यस वर्ष भने चार जना युवाले जिब्रो छेड्न रहर गरेको बताउँदै उनले आफूले सक्ने भएसम्म जिब्रो छेडेर जात्रा सञ्चालन गर्ने बताए । सुजनले भने, 'बुबाले जिब्रो छेडाउँदा मसँगै हुन्थे, उनले जात्रा, कला, संस्कृतिलाई जोगाएको देखेर मलाई पनि मनमा इच्छा जाग्थ्यो र आँट आयो, सबैले जयजयकार गरेको देख्दा निकै रहर लाग्थ्यो, रहर पूरा गरेर यस वर्ष पनि जात्रालाई निरन्तरता दिन जिब्रो छेडाएर महाद्वीप बोकेर बोडे देश घुम्ने छु ।'

बुद्धकृष्णले भने, 'मैले जिब्रो छेडाउँदा सानैदेखि छोरासँगै हुन्थ्यो, यो जात्रा जोगाउनुपर्छ, यो जात्रा नभए बोडेको पहिचान मेटिन्छ भन्ने मलाई मात्र होइन मेरो छोरालाई पनि लाग्थ्यो, त्यसैले यस वर्ष उसले जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिँदै छ, बोडेको संस्कृति जोगाउन अब हरेक वर्ष बोडेका युवाहरू तयार हुनुपर्छ ।'

जात्राअघि चैत २८ गते जिब्रो छेड्ने व्यक्तिले नाय पमाको घरमा पुगेर नाय पमाः, कर्मी नायलगायतलाई चार दाम चढाएर सगुन दिएर जिब्रो छेड्ने पक्का गर्नुका साथै सोही दिन जात्राको व्रत प्रारम्भ गर्ने परम्परा रहेको उनी बताउँछन् ।

जात्राका दिन व्रत बस्नेले जिब्रो छेड्नुअघि शक्ति प्राप्त होस् भन्ने कामनासहित बोडे क्षेत्रका विभिन्न देवीदेवताको पूजाआजा गर्ने र प्राचीन पाँचो गणेश मन्दिर परिसरमा हजारौं भक्तजनको उपस्थितिमा जिब्रो छेड्ने प्रचलन छ ।

जिब्रो छेडिसकेपछि ती व्यक्तिले अर्धचन्द्राकार महादीप बोकेर बोडे सहर परिक्रमा गर्ने र बोडेकै महालक्ष्मी मन्दिरको परिक्रमापछि उक्त सुइरो जिब्रोबाट झिकेर महालक्ष्मी मन्दिरमै ठोकेर घाउँमा महालक्ष्मी मन्दिरको माटो लगाउने प्रचलन छ । हालसम्म बोडेका १३ जनाबाट निरन्तर १०९ वर्ष जिब्रो छेड्को रेकर्ड रहेको छ । *रासस*

### वैशाख १५ गतेदेखि नयाँ शैक्षिक सत्र

# बढी शुल्क लिने निजी विद्यालयमाथि अनुगमन हुँदै

■ **प्रकाश सिलवाल**

**काठमाडौं–** आगामी वैशाख १५ गतेदेखि नयाँ शैक्षिक सत्रको सञ्चालन र मापदण्डविपरीतको भर्ना शुल्क फिर्ता गराउन संघीय सरकारले स्थानीय सरकारलाई पत्राचार गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई पत्राचार गरी निजी (संस्थागत) विद्यालयहरूमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन यही चैत २२ गतेको शिक्षा मन्त्रालयको निर्देशन कार्यान्वयन र अनुगमनका लागि आग्रह गरेको हो ।

इन्धन आपूर्तिको असहजताका कारण वैशाख १५ गतेदेखि नयाँ शैक्षिक सत्र सञ्चालन गर्न सोही दिनको नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएको थियो । विद्यालय तहको सञ्चालन र अनुगमनका लागि स्थानीय तहलाई संविधानः अधिकार रहेको छ ।

नयाँ शैक्षिक सत्र अगावै विद्यार्थी भर्ना नगर्न सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गराउन शिक्षा मन्त्रालयले तदारुकता देखाएको हो । सरकारले विद्यमान कानुनविपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारितबाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाएको हो ।

शिक्षा मन्त्रालयले प्रचलित कानुनअनुसार भर्ना भएपश्चात्मात्र स्वीकृत गरिएको शीर्षकमा स्वीकृत भएको शुल्कमात्र लिन पाउने व्यवस्था हुँदाहुँदै विद्यार्थीबाट अग्रिम शुल्क असुल गरिएको, साथै स्वीकृत भएको भन्दा बढी शुल्क लिएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिएको गुनासो आएपछि कारबाही गर्न पहल गरेको हो ।

यस्तै एउटै विद्यालयमा एकपटक भर्ना भएपश्चात् पनि पटक-पटक भर्ना शुल्क लिएको जस्ता गुनासो आएको र सर्वोच्च अदालतबाट फैसला भएबमोजिम शैक्षिक सत्र सुरु नहुँदै भर्ना नगर्न, नियमविपरीत शुल्क नलिन, कानुनी प्रावधानभन्दा बाहिर हुनेगरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कारबाही गर्ने व्यवस्थाका लागि सम्पूर्ण स्थानीय तहलाई पत्राचार गरिएको हो ।

मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शैक्षिक सत्र प्रारम्भ भएपछि मात्रै विद्यार्थी भर्ना गराउन तथा मापदण्डविपरीत शुल्क नलिन व्यवस्था मिलाउन र गैरकानुनीरूपमा त्यसरी शुल्क लिइएको पाइए शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्ष ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्थाबमोजिम कारबाही हुन सक्नेतर्फसमेत सचेत गराइएको बताए ।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम ५४ को ४ र नियम ७८ को (ग) को व्यवस्था तथा सर्वोच्च अदालतको यही चैत २० गतेको आदेशको उल्लंघन गरी शैक्षिक सत्र अगावै विद्यार्थी भर्ना गर्ने कार्यलाई पनि दण्डनीय हुनेतर्फ सचेत गराइएको छ ।

शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र सुवेदीले शिक्षा मन्त्रालयबाट भएको निर्देशनलाई कार्यान्वयनका क्रममा शिक्षा विकास तथा समन्वय विकास एकाइद्वारा आवश्यक समन्वय र सहजीकरण गरिने बताए । उनले वैशाख १५ गतेदेखि मात्रै विद्यार्थी भर्ना गर्न र कक्षा सञचालन गर्न सबै विद्यालयलाई आग्रह गरे । अधिकांश निजी विद्यालयमा भर्ना वैशाख १५ अगावै हुने स्थिति देखिन्छ ।

शिक्षाविद् डा. बालचन्द्र लुइँटेलले शैक्षिक सत्रको सञ्चालनमा एकरूपता ल्याउन र निजी विद्यालयको शुल्क व्यवस्थापनमा नियमको पालना गराउनु राम्रो भएको बताए । उनले भने, 'शिक्षाजस्तो सामाजिक क्षेत्रमा नियमन गर्नु अत्यावश्वक छ । विगतका सरकारलेभन्दा अहिलेको सरकारले कानुनको कार्यान्वयनमा तदारुकता देखाउनु सकारात्मक हो ।'

काठमाडौंको रानीदेवी माध्यामिक विद्यालयका प्रधानाध्यपक नारयणप्रसाद गौतमले वैशाख १५ गतेदेखि शैक्षिक सत्र सुरु गर्ने सरकारको निर्णय आफूहरूले कार्यान्वयन गर्ने तर भर्ना प्रक्रिया त्यसअघि नै थाल्ने तयारी गरेको बताए ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान) का महासचिव रामहरि सिलवालले शिक्षा क्षेत्र आफैंमा महत्त्वपूर्ण, गरिमामय र संवेदनशील क्षेत्र भएकाले यस्ता विषयमा निर्णय गर्दा सरकारले सरोकार भएका पक्षसँग संवाद गर्नु उचित भएको बताए । उनले विगतमा शैक्षिक सत्रको एक महिना अगाडिदेखि भर्ना लिइँदै आएकामा यस वर्ष वैशाख १५ देखि शैक्षिक सत्र सञ्चालन भनिएपछि यसको व्यवहारिक कार्यान्वयनमा अन्योल उत्पन्न भएको गुनासो गरे ।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावलीबमोजिम लब्धांकपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतबाट अन्तरिम आदेश दिइएको थियो । यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिक सत्र सञ्चालन हुँदै आएको थियो । *रासस*

# १४ हजार बालबालिकाको जन्मजात मुटुरोग परीक्षण गर्दै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका (कामपा)ले १४ हजार बालबालिकाको जन्मजात मुटुरोग तथा बाथ मुटुरोग परीक्षण गर्ने भएको छ । कामपा स्वास्थ्य विभागका अनुसार नसर्ने रोगबाट जनस्वास्थ्यमा पर्ने क्षति कम गराउनका लागि कामपाले जन्मजात मुटुरोग परीक्षण गर्ने तयारी गरेको हो ।

विभागका प्रमुख दीपक केसीका अनुसार विद्यालय उमेरका १४ हजार बालबालिकाको जन्मजात मुटुरोग तथा बाथ मुटुरोगको परीक्षण(आरएचडी/सिएचडी स्क्रिनिङ) गराउने भएको छ । ४१ वटा सामुदायिक विद्यालयमा यो कार्यक्रम सञ्चालन हुने प्रमुख केसीले जानकारी दिनुभयो । यससँगै ३२ वडाका १५ ठाउँमा महिला मुटुरोग सचेतना कार्यक्रम (गो रेड फर वुमेन) सञ्चालन गरिने छ ।

कामपाको स्वास्थ्य विभागले नेपाल हृदयरोग निवारण प्रतिष्ठानसँगको सहकार्यमा यो कार्यक्रम सञ्चालन गर्न लागेको पनि जानकारी दिएको छ । 'बालबालिकामा हुने यो समस्या समयमा पत्ता लगाउन सकियो भने सरल उपचार विधिबाट स्वस्थ्य जीवन बनाउन सकिन्छ । समय बितेपछि समस्या पत्ता लाग्यो भने महँगो उपचारले पारिवारिक अवस्थालाई खराब बनाउँछ । यसकारण हामीले बालबालिकाको मुटु बाथको परीक्षण कार्यक्रम गरेका हौं,' स्वास्थ्य विभागका प्रमुख केसी भन्छन्, 'यो परीक्षणबाट प्राप्त हुने तथ्यांकका आधारमा थप कार्यक्रम तर्जुमा गर्नेछौं ।' कामपाले थालेको यो कामले धेरै परिवारमा प्रत्यक्ष लाभ हुने छ ।



## औद्योगिक बचत तथा ऋण सहकारी संस्था लि.
**बा. औ. क्षे. बालाजु–१६, काठमाडौंको**

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रथम प्रकाशित मिति २०८२/१२/२५, बुधबार)

यस सस्थाबाट तपशिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण भाखाभित्र नतिरी सस्थाबाट पटक पटक भएको मौखिक एवं लिखित तर-ताकेता गर्दा पनि कर्जा चुक्ताको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा कर्जा तिर्न बुझाउनका लागि यो ३५ दिने सूचना प्रकाशित गारिएको छ । उल्लेखित मिति भित्र सस्थामा तिर्नु बुझाउनु पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमवाली २०७५, सस्थाको विनियम तथा ऋण निति तथा ऋण लिंदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम सस्थाको सम्पूर्ण लेना रकम लिलामी प्रकृयाद्वारा असुल उपर गरिने ब्यहोरा जानकारी गराईन्छ । साथै सस्थाको साँवा ब्याज असुलीको सिलसिलमा उक्त कार्य सम्पन्न गर्ने क्रममा भएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गरिने ब्यहोरा पनि जानकारी गराउँदछौ । सो प्रकृयाबाट सस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धन जमानी दिनेको घर घराना चल अचल सम्पत्तिबाट प्रचलित कानून बमोजिम असुल उपर गरिने ब्यहोरा समेत सम्बन्धित ऋणीलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणीको विवरण | फोटो | धितो/व्यक्तिगत धन जमानीकर्ताको विवरण |
|---|---|---|---|
| १. | ऋणी : **बिदुर प्रसाद श्रेष्ठ**<br>बुवा : कमल प्रसाद श्रेष्ठ<br>बाजे : गणेश प्रसाद श्रेष्ठ<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं. : ७७९०/१८६८८<br>जारी मिति २०३३/०३/१८ |  | धन जमानी : **रिना खयाउँजु श्रेष्ठ**<br>बुवा : लक्ष्मी शंकर खयाउँजु<br>बाजे : शेर शंकर खयाउँजु<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं. : १६२१६/१८६९०<br>जारी मिति २०४०/०३/२७  |
| २. | ऋणी :**रिना खयाउँजु श्रेष्ठ**<br>बुवा : लक्ष्मी शंकर खयाउँजु<br>बाजे : शेर शंकर खयाउँजु<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं. : १६२१६/१८६९०<br>जारी मिति २०४०/०३/२७ |  | धन जमानी : **बिदुर प्रसाद श्रेष्ठ**<br>बुवा : कमल प्रसाद श्रेष्ठ<br>बाजे : गणेश प्रसाद श्रेष्ठ<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं. : ७७९०/१८६८८<br>जारी मिति २०३३/०३/१८  |
| ३. | ऋणी : **रितु श्रेष्ठ**<br>बुवा : बिदुर प्रसाद श्रेष्ठ<br>बाजे : कमल प्रसाद श्रेष्ठ<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं. : ०६०/९५८२०<br>जारी मिति २०६९/०२/२४ |  | धन जमानी : **बिदुर प्रसाद श्रेष्ठ**<br>बुवा : कमल प्रसाद श्रेष्ठ<br>बाजे : गणेश प्रसाद श्रेष्ठ<br>ठेगाना : बाफल-१३, काठमाण्डौ<br>नागरिकता नं. : ७७९०/१८६८८<br>जारी मिति २०३३/०३/१८  |



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/२५ गते**

यस कम्पनीको मिति २०८२/१२/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार **साविक युनिहब कन्सल्टिङ** (प्रा.लि. नं.१८०३८१) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिन्ले व्यहोर्नुपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिस्ट्रारको मिति २०८२/१२/२३ को निर्णयानुसार नाम परिवर्तन गरी **फाइन्ड युनि प्रा.लि.** कायम गरिएको यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



## ग्रेट इन्टरनेसनल एक्टिङ टुगेदर फर गभर्नेन्स रिसोर्सेस एण्ड द इनभाइरोनमेन्ट मु.वि.न. को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदावी गर्न आउने वारे ३५ दिने सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०८१/०१/०९ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको ग्रेट इन्टरनेसनल एक्टिङ टुगेदर फर गभर्नेन्स रिसोर्सेस एण्ड द इनभाइरोनमेन्ट मु.वि.न.(३३४६५४/०८०/०८१) लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८२/१२/२४ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नः १६५, मो.नं. ९८४१५२७४२२, ९८१३२४४६५५**



## मलेसियामा रोजगार
कम्पनी : **ALPHA-U TECHNOLOGY SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/१२/२३ | LT. No. 340447 | चलानी नं. ६०२५३८६९

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 9 | 0 | 1700 | ६२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २ गते (15th April 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 539/061/062

**Richhood Overseas Inc. Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## मलेसिया/युएइमा रोजगार
कम्पनी : **VIGILANT FORCE SDN. BHD.** शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/०६/०३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१२/२४ | LT. No. 331272 | चलानी नं. ६०२४५०३८

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 28 | 0 | 1700 | ६२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C** शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१२/२४ | LT. No. 329754 | चलानी नं. ६०२४३६१२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 114 | 0 | 1000 | ४०,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख २ गते (15th April 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११३०/०७३/०७४

**Rasuwa Overseas Pvt. Ltd.**
Airport, Kathmandu, Nepal, Tel:. 01-5906439/5906448, Suresh Lama 9801300074 /
Dawa Lama 9742546470, Dinesh Lama 9851354485 / E-Mail : rasuwaoverseas@gmail.com, Website : www.rasuwaoverseas.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### श्रमिकको यात्रामा झण्झट होइन, सहजीकरण गर

**वैदेशिक रोजगारीमा जाने श्रमिक हरेकपटक सरकार र वैदेशिक रोजगार व्यवसायीको चेपुवामा पर्ने गरेका छन् । पासपोर्ट बनाउँदादेखि नै सास्ती बेहोर्न सुरु गर्ने श्रमिक म्यानपावर कम्पनी, वैदेशिक रोजगार विभागहुँदै विमानस्थबाट प्रस्थान गर्दासम्म अनेक झमेला बेहोर्न बाध्य हुन्छन् । उता (गन्तव्य मुलुक) पुगेर पनि अनेक समस्या बेहोर्नुपर्छ । जेन–जी विद्रोहपछि निर्वाचनबाट जनमत लिएर बनेको वालेन्द्र शाह नेतृत्वको सरकार बनेपछि श्रमिकले भोग्नुपर्ने सास्ती हट्ने अपेक्षा गरिएको थियो । तर, त्यसविपरीत श्रमिकलाई सास्ती थप्न सरकार उद्धत भएको छ । कामदारले म्यानपावर कम्पनीलाई बुझाएको रकमको रसिद विमानस्थलमा देखाउनुपर्ने नयाँ निर्णय गरेर सरकारले श्रमिकमाथि झण्झट थप्ने काम गरेको हो ।**

**सरकारले वैदेशिक रोजगारीमा कामदार पठाउने काम गर्न म्यानपावर कम्पनीलाई लाइसेन्स दिएको हुन्छ । म्यानपावर कम्पनीले विभिन्न देशअनुसार कामदारसँग विभिन्न विषयमा शुल्क असुल्ने गर्छन् । 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधान लागू भएका मुलुकहरूमा जाने कामदारसँग १० हजार रुपैयाँभन्दा बढी सेवा शुल्क लिन पाइँदैन । एक दशकअघि अर्थात् २०७२ सालदेखि लागू भएको यो प्रावधान म्यानपावर कम्पनीले भने मानिरहेको छैन । सेवा शुल्क बढाउन सरकारलाई अनुरोध गरे पनि यो विषयमा सम्बोधन भएको छैन । बरु व्यवसायी र श्रमिककै मिलेमतोमा तोकिएकोभन्दा धेरै शुल्क तिरेर वैदेशिक रोजगारीमा जाने क्रम चलिरहेकै छ ।**

**वैदेशिक रोजगारीमा चाहनेको एउटै उद्देश्य हुन्छ, जति सक्दो चाँडो विदेश उडुँ र परिवारका लागि केही कमाउँ । त्यसैले उनीहरूलाई सहजरुपमा विदेश जान पाउने व्यवस्था गरिनुपर्छ । यद्यपि, उनीहरूमाथि भइरहेको गैरकानुनी रकम असुली बन्द गर्नुको विकल्प छैन । म्यानपावर व्यवसायीले १० हजार रुपैयाँमा कामदार पठाउन नसक्ने प्रस्ट रुपमा भन्दै आएका छन् । यसले कामदारसँग म्यानपावर कम्पनीले सेवा शुल्कबाहेक अतिरिक्त रकम उठाउँछ भन्ने प्रस्ट हुन्छ । व्यवसायीहरू स्वयंले पनि यसलाई स्वीकारिरहेको अवस्था छ । सरकार, श्रम मन्त्रालय र मातहतका निकायहरूलाई यो विषय जानकार नभएको होइन । यसलाई के कसरी समाधान निकाल्ने भन्ने उपाय सरोकारवालाहरूलाई पनि राखेर खोजिनुपर्थ्यो ।**

**तर, श्रम मन्त्रालयले एकतर्फीरुपमा निर्णय गर्दै अघि बढेको अवस्था छ । विमानस्थलमा रसिद अनिवार्य देखाउनुपर्ने निर्णय अव्यावहारिक छ । किनभने म्यानपावर कम्पनीले १० हजारभन्दा बढी लिएको रकमको रसिद दिँदैन । जसकारण श्रमिकले बढी रकम तिरेको प्रमाण देखाउन सक्दैनन् । त्यसैले रसिद देखाउने व्यवस्था केवल श्रमिकलाई झण्झट थप्ने काममात्र हुने देखिन्छ ।**

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

# फोहोरको अदृश्य अर्थतन्त्र



❑ मोहनकुमार दाहाल

> बञ्चरेडाँडा ल्याण्डफिल्ड वरपरका बासिन्दाले दशकौंदेखि दुर्गन्ध, प्रदूषित पानी, छाला र सासका रोगहरु व्यहोरिरहेका छन् । उनीहरूले पटक-पटक सरकारसँग सहमति गरे, क्षतिपूर्ति, स्वास्थ्य उपचार, शैक्षिक कोटा र रोजगारीको वाचा पाए, तर कार्यान्वयन हुन सकेन । उनीहरूले अब बस्ती नै सार्नुपर्ने वा ल्याण्डफिल्ड नै स्थानान्तरण गर्नुपर्ने मागसम्म राखिसकेका छन् । तर राज्यसँग न त तिनका लागि पर्याप्त बजेट छ, न त राजनीतिक इच्छाशक्ति ।

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन आज वातावरणीय समस्यामात्र होइन, भ्रष्टाचार र राजनीतिक अपराधको सबैभन्दा ठूलो केन्द्र बनिसकेको छ । उपत्यकाका करिब तीन लाख २० हजार घरधुरीमध्ये अधिकांशबाट प्रतिघरधुरी मासिक ३०० रूपैयाँका दरले फोहोर संकलन शुल्क उठाइन्छ । यो साधारण गणितअनुसार मासिक नौ करोड ६० लाख र वार्षिक एक अर्ब १५ करोड रूपैयाँभन्दा बढी हुन आउँछ ।

तर यति ठूलो रकम कहिल्यै राज्यको कोषमा जम्मा हुँदैन । न त स्थानीय तहको राजस्व खातामा यसको पारदर्शी विवरण देखिन्छ, न त संघीय सरकारकै लेखामा यो आयको स्रोत अंकित हुन्छ । यो पैसा सीधै राजनीतिक दलहरूसँग आबद्ध तथाकथित गुण्डा, ठेकेदार र प्रभाव समूहको जेबमा पुग्छ । फोहोर संकलनदेखि ढुवानी, ल्याण्डफिल्ड साइटको व्यवस्थापन र पुनः प्रशोधनसम्मको सम्पूर्ण शृंखला एउटा अदृश्य अर्थतन्त्रको रूपमा सञ्चालित छ, जहाँ राज्यको नियामक निकायको पहुँच नगन्य छ ।

यो अवैध अर्थतन्त्रको संरचना तहगतरूपमा क्रियाशील छ । सबैभन्दा तल्लो तहमा फोहोर उठाउने मजदुर, ट्रिपर चालक र सहायक हुन्छन्, जो अल्पाहार र सुरक्षाको अभावमा दिनरात खटिन्छन् । तिनीहरूले ज्यालाको रूपमा संकलित रकमको एकदमै सानो अंशमात्र पाउँछन् । माथिल्लो तहमा ठेकेदार हुन्छन्, जसले स्थानीय तहसँगको सम्झौताबमोजिम कुनै वडा वा नगरको फोहोर संकलनको जिम्मा पाउँछन् । यी ठेकेदारहरू प्रायः स्थानीय नेताका नातेदार, पूर्वजनप्रतिनिधि वा राजनीतिक दलका युवा संगठनका पदाधिकारी हुन्छन् ।

सबैभन्दा माथिल्लो तहमा राजनीतिक संरक्षक हुन्छन्- स्थानीय तहका प्रमुख, प्रमुख दलका जिल्ला/पालिका स्तरका नेता, कहिलेकाहीँ प्रशासनिक अधिकृतसम्म । यी संरक्षकहरूले ठेकेदारलाई टेण्डर प्रक्रिया सहजीकरण गरिदिने, क्षेत्रीय एकाधिकार कायम गरिदिने र आवश्यक परेमा प्रहरी/प्रशासनलाई दबाब दिने काम गर्छन् । बदलामा उनीहरूले ठूलो 'कमिसन' लिन्छन् । यो तहगत सञ्जालले गर्दा फोहोर संकलनको पैसा राज्यको कोषमा पुग्ने कुनै सम्भावना हुँदैन ।

यो अवस्थामात्र होइन, राजनीतिक दलहरूले फोहोरलाई हतियारको रूपमा प्रयोग गर्ने प्रवृत्तिले समस्या झनै विकराल बनेको छ । जुनसुकै स्थानीय तहमा फोहोर व्यवस्थापनमा सानो समस्या देखिए पनि विपक्षी दलहरू सडकमा उत्रिन्छन् । फोहोरको ढिस्को देखाएर सरकारविरुद्ध जनआक्रोश सिर्जना गर्ने, मेयरको राजीनामा माग गर्ने, सत्तारूढ दललाई घेराबन्दी गर्ने- यो उनीहरूको सबैभन्दा सजिलो रणनीति बनिसकेको छ । तर विडम्बना यो छ कि जब तिनै दलहरू सत्तामा हुन्छन्, उनीहरूले फोहोरको यही अवैध अर्थतन्त्रबाट नियमित लाभ लिइरहेका हुन्छन् । उनीहरूकै मानिसहरूले फोहोर संकलनको ठेक्का लिएका हुन्छन्, उनीहरूकै संरक्षणमा गुण्डागर्दी चलिरहेको हुन्छ । जब विपक्षमा हुन्छन्, फोहोरको मुद्दा उठाएर सत्तारूढलाई अस्थिर बनाउन खोज्छन्; जब सत्तामा हुन्छन्, यसैलाई दबाएर राख्छन् । यो दोहोरो चरित्रले फोहोरको समस्या समाधान हुन नदिने मुख्य बाधकको रूपमा काम गरिरहेको छ ।

यसरी फोहोर संकलनको अर्बौंको रकम राज्यको कोषमा नजाँदा सरकारसँग फोहोर व्यवस्थापनको पूर्वाधार निर्माण, ल्याण्डफिल्ड साइटको विकास, लिचेट व्यवस्थापन, रिसाइक्लिङ प्लान्ट र वैकल्पिक प्रविधिहरूमा लगानी गर्ने स्रोत नै हुँदैन । नेपाल सरकारले प्रत्येक वर्ष संघीय बजेटबाट ठूलो रकम बञ्चरेडाँडा ल्याण्डफिल्ड साइटको व्यवस्थापन, स्थानीयवासीको क्षतिपूर्ति र नयाँ साइटको पहिचानका लागि छुट्याउन बाध्य छ । तर यो रकम जनताको करबाट आएको हो, जबकि फोहोर संकलनबाट उठ्ने शुल्क नै ती सबै कामका लागि पुग्न सक्थ्यो । राजस्व नहुँदा स्थानीय तहहरू आफैंले पनि फोहोर व्यवस्थापनका लागि बजेट अभाव भएको भन्दै संघीय सरकारलाई दबाब दिने गरेका छन्, तर वास्तविकतामा उनीहरूले उठाउनुपर्ने स्थानीय राजस्व नै नियमितरूपमा नउठाउने वा उठाएर अन्यत्र खर्च गर्ने प्रवृत्तिले यो समस्या थप जटिल बनेको छ ।

यसको प्रत्यक्ष परिणामस्वरूप काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन प्रणाली पूर्णरूपमा अनियमित र अराजक बनिसकेको छ । फोहोर संकलनको ठेक्का प्रक्रिया पारदर्शी हुँदैन । टेण्डर आह्वान गर्दा योग्यता मापदण्डभन्दा पनि राजनीतिक निकटता र क्षेत्रीय प्रभावलाई प्राथमिकता दिइन्छ । ठेक्का नपाएको आक्रोशमा एक समूहले अर्को समूहसँग झडप गर्ने, फोहोर बोकेको ट्रक नै रोकेर सडकमा खन्याइदिने, गोली चल्ने र मानिस घाइते हुने घटनाहरू पनि भइसकेका छन् । यी झडपहरूमा राजनीतिक दलका नेता-कार्यकर्ता प्रत्यक्ष वा परोक्षरूपमा संलग्न हुन्छन् । स्थानीय प्रहरी प्रशासनले 'राजनीतिक दबाब'का कारण कारबाही गर्न सक्दैन । यसरी फोहोर संकलनको 'माफिया' शैलीले उपत्यकाका हरेक वडा र नगरमा आफ्नो उपस्थिति जमाइसकेको छ ।

राजनीतिक दलहरूको यो हस्तक्षेपले स्थानीय सरकारको काममासमेत ठूलो अवरोध पुर्‍याएको छ । काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन शाहले फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राखेर पारदर्शी ठेक्का प्रक्रिया र स्रोतमै फोहोर छुट्याउने अभियान थालेपछि उनी र उनको टोलीले ठूलो प्रतिरोध सामना गर्नुपरेको थियो । कतिपय वडामा महानगरको आफ्नै टोलीलाई फोहोर उठाउन नदिने, ठेक्का प्रक्रियालाई अदालतसम्म पुर्‍याउने र प्रशासनिक अवरोध सिर्जना गर्नेजस्ता घटनाहरू भए । ललितपुर महानगर र भक्तपुर नगरपालिकामा पनि फोहोर संकलनको शुल्क र ठेक्काको विषयमा राजनीतिक दलहरूबीच तीव्र प्रतिस्पर्धा देखिन्छ । एकपटक भक्तपुरमा फोहोर संकलनको ठेक्का नपाएको भन्दै एक राजनीतिक दलका कार्यकर्ताले फोहोर बोकेको ट्रक रोकेर सडकमा खन्याइदिएको घटनाले यो समस्या कति गम्भीर छ भन्ने देखाउँछ ।

यसरी फोहोरलाई राजनीतिक दलहरूले आफ्नो संगठन विस्तार, आर्थिक संकलन र शक्ति प्रदर्शनको माध्यम बनाएका छन् । स्थानीय तहले फोहोर संकलन गर्ने अधिकार दिएको निजी संस्था वा सहकारीको पछाडि अधिकांशमा दलका नेता-कार्यकर्ता वा तिनका नातागोता हुन्छन् । फोहोर संकलनको शुल्क तिर्न अस्वीकार गर्नेहरूमध्ये पनि धेरै प्रभावशाली व्यापारी र दलका कार्यकर्ता हुन्छन् । स्थानीय तहले कानुनीरूपमा उनीहरूविरुद्ध कारबाही गर्न सक्दैन, किनभने त्यसो गर्दा राजनीतिक असर पर्ने डर हुन्छ । यसरी कर संकलनको कमजोर प्रणाली र कानुनी कार्यान्वयनमा हुने चुनौतीले फोहोर व्यवस्थापनको आर्थिक स्रोत पूर्णरूपमा सुकाइदिएको छ ।

यो समस्याको जटिलतालाई नेपाल सरकारले 'टाउको दुखाइ'को रूपमामात्र लिइरहेको छ, तर यसको संरचनागत समाधानतर्फ ठोस कदम चाल्न सकेको छैन । ठोस फोहोर व्यवस्थापन ऐन २०६८ ले स्थानीय तहलाई फोहोर व्यवस्थापनको जिम्मेवारी दिए पनि तिनीहरूलाई आवश्यक प्राविधिक, आर्थिक र प्रशासनिक सशक्तीकरण नगरिएको हुँदा यो जिम्मेवारी प्रभावकारी हुन सकेको छैन । संघीय सरकारले फोहोर संकलनको राजस्व नियमन गर्ने राष्ट्रियस्तरको नीति बनाउनुपर्नेमा उदासीन छ । विगतमा बनेको 'राष्ट्रिय फोहोर व्यवस्थापन परिषद्' पनि प्रभावकारी हुन सकेन । प्रहरी र प्रशासनले फोहोर संकलनको क्रममा हुने गुण्डागर्दी, कर छली र ठेक्का प्रक्रियाको धाँधलीमा राजनीतिक दबाबकै कारण कारबाही गर्न सकिरहेको छैन ।

यसको सबैभन्दा ठूलो मारमा परेको छ उपत्यकाको फोहोरसँगै बस्न बाध्य स्थानीय समुदाय र आम उपत्यकावासी । बञ्चरेडाँडा ल्याण्डफिल्ड वरपरका बासिन्दाले दशकौंदेखि दुर्गन्ध, प्रदूषित पानी, छाला र सासका रोगहरू व्यहोरिरहेका छन् । उनीहरूले पटक-पटक सरकारसँग सहमति गरे, क्षतिपूर्ति, स्वास्थ्य उपचार, शैक्षिक कोटा र रोजगारीको वाचा पाए, तर कार्यान्वयन हुन सकेन । फोहोर संकलनको पैसा राज्यको कोषमा नगई राजनीतिक दलका गुण्डाको पकेटमा जानुले यी समुदायको पीडा थप बढाएको छ । उनीहरूले अब बस्ती नै सार्नुपर्ने वा ल्याण्डफिल्ड नै स्थानान्तरण गर्नुपर्ने मागसम्म राखिसकेका छन् । तर राज्यसँग न त तिनका लागि पर्याप्त बजेट छ, न त राजनीतिक इच्छाशक्ति ।

यो चक्र तोड्न सरकार, राजनीतिक दल, स्थानीय तह र नागरिक समाज सबैले जिम्मेवारी लिनुपर्छ । सबैभन्दा पहिले, फोहोर संकलनको ठेक्का प्रक्रियालाई पूर्णरूपमा पारदर्शी बनाउनुपर्छ । अनलाइन बोलपत्र, खुला प्रतिस्पर्धा र योग्यता मापदण्डलाई अनिवार्य गर्दै राजनीतिक प्रभावलाई बन्देज गर्नुपर्छ । दोस्रो, फोहोर संकलन शुल्कलाई डिजिटल भुक्तानीमा अनिवार्य गरी स्थानीय तहको आधिकारिक खातामै जम्मा गर्ने र खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्छ । तेस्रो, स्रोतमै फोहोर छुट्याउन अनिवार्य गर्ने र रिसाइक्लिङ, कम्पोस्टिङ, वेस्ट-टु-एनर्जी प्लान्टहरू स्थापना गर्ने दीर्घकालीन योजना अघि बढाउनुपर्छ । यसरी फोहोरबाट नै आम्दानी गर्न सकिन्छ र संकलन शुल्कमा मात्र निर्भर हुनुपर्ने अवस्थाको अन्त्य हुन्छ । चौथो, फोहोर संकलनको सिलसिलामा हुने गुण्डागर्दी, कर छली र ठेक्का प्रक्रियामा धाँधली गर्ने जो कोहीलाई पनि कानुनी कारबाही गर्नुपर्छ । प्रहरी र प्रशासनलाई राजनीतिक दबाबबाट मुक्त गरेर काम गर्ने वातावरण बनाउनुपर्छ ।

राजनीतिक दलहरूले फोहोरलाई हतियार बनाउने प्रवृत्तिलाई अन्त्य गर्नुपर्छ । यो मुद्दा राजनीतिक प्रतिस्पर्धाको विषय होइन, साझा चासो र सार्वजनिक स्वास्थ्यको विषय हो । तर दलहरूले आफ्नो स्वार्थका लागि यसलाई सधैँ प्रयोग गर्दै आएका छन् । जबसम्म दलहरू आफैंले फोहोर व्यवस्थापनको अवैध कारोबारमा संलग्न रहन्छन्, तबसम्म समस्या समाधान हुन सक्दैन । नागरिक समाज र सञ्चारमाध्यमले पनि यो विषयलाई निरन्तर उठाइरहनुपर्छ । फोहोर संकलनको पैसा कहाँ जान्छ भन्ने विषयमा अनुसन्धान र सार्वजनिक बहस हुनुपर्छ । काठमाडौं उपत्यकाका नागरिक आफैंले पनि फोहोर संकलन शुल्क तिर्दा रसिद माग्ने, अनियमितता देखेमा उजुरी दिने, टोल स्तरमा फोहोर व्यवस्थापनको योजना बनाउनेजस्ता साना पहल गर्न सक्छन् ।

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनको समस्या प्राविधिक र पूर्वाधारकोमात्र समस्या होइन, यो भ्रष्टाचार, राजनीतिक स्वार्थ र राज्यको असफलताको ठूलो उदाहरण हो । प्रति घरधुरी मासिक ३०० रूपैयाँका दरले उठ्ने अर्बौं रूपैयाँ राज्यको कोषमा नगई राजनीतिक दलसँग आबद्ध गुण्डा र ठेकेदारको पकेटमा पुग्नु गम्भीर अपराध हो । यसले नेपाल सरकारलाई टाउको दुखाइमात्र होइन, राष्ट्रिय सम्पत्तिको ठूलो क्षति पनि पुर्‍याइरहेको छ । जबसम्म फोहोर संकलनको पैसा राज्यको कोषमा जम्मा हुँदैन र राजनीतिक दलहरू यसलाई आफ्नो स्वार्थको हतियार बनाउन छोड्दैनन्, तबसम्म काठमाडौंवासीले फोहोरसँगै जीवन बिताउन बाध्य हुने छन् । तर यो अवस्थाको अन्त्य गर्न सकिन्छ- यदि राज्यले आफ्नो शक्ति प्रयोग गर्ने, राजनीतिक दलले जवाफदेहिता स्वीकार्ने र नागरिकले आफ्नो अधिकारका लागि मुखरित हुने हो भने । अहिलेको आवश्यकता भनेको फोहोरको यो अदृश्य अर्थतन्त्रमाथि राज्यको नियन्त्रण स्थापना गर्नु, राजनीतिक हस्तक्षेपलाई अन्त्य गर्नु र आमनागरिकलाई स्वच्छ वातावरणको सुनिश्चितता दिनु हो । यो नभएसम्म फोहोरको राजनीति र यसको आर्थिक अपचलन नेपाली राज्यको सबैभन्दा ठूलो विफलताको रूपमा रहिरहने छ ।

# जिम्मेवार प्रतिपक्षको भूमिकामा कांग्रेस



❑ दीपेन्द्र पोखरेल

> प्रतिपक्ष भन्नासाथ हामीले प्रायः सरकारको विरोध गर्ने शक्तिका रूपमा बुझ्ने गरेका छौं । तर आजको आवश्यकता त्यो भन्दा फरक छ । अब प्रतिपक्षले केवल विरोध होइन, विकल्प दिनुपर्छ ।

नेपालको राजनीतिले फेरि एउटा मोड लिएको छ । चुनावी परिणामले स्पष्ट देखाएको छ- जनता अब पुराना भाषण र आश्वासनबाट सन्तुष्ट छैनन् । उनीहरू परिणाम चाहन्छन्, इमानदारी चाहन्छन्, र आफ्नो दैनिक जीवनमा देखिने परिवर्तन चाहन्छन् । यस्तो अवस्थामा नेपाली कांग्रेसजस्तो ऐतिहासिक दलका लागि प्रतिपक्षको भूमिका अझै गम्भीर र अर्थपूर्ण बनेको छ ।

प्रतिपक्ष भन्नासाथ हामीले प्रायः सरकारको विरोध गर्ने शक्तिका रूपमा बुझ्ने गरेका छौं । तर आजको आवश्यकता त्यो भन्दा फरक छ । अब प्रतिपक्षले केवल विरोध होइन, विकल्प दिनुपर्छ । जनताले सुन्न चाहेको कुरा 'के गलत छ ?' मात्र होइन, 'के ठीक हुन सक्छ ?' पनि हो ।

## संसद्मा समाधानसहितको प्रतिपक्ष

संसद् लोकतन्त्रको मुख्य मञ्च हो । यहाँ प्रतिपक्षको उपस्थिति बलियो भएमात्र सन्तुलन कायम हुन्छ । तर बलियो हुनु भनेको हल्ला गर्नु होइन, प्रभावकारी हुनु हो । जब सरकार कुनै नीति ल्याउँछ, प्रतिपक्षले त्यसका कमजोरी औंल्याउनु स्वाभाविक हो । तर त्यत्तिमै सीमित रहँदा जनतामा भरोसा बढ्दैन । प्रतिपक्षले आफ्नो विकल्प पनि सँगै राख्नुपर्छ- स्पष्ट योजना, व्यावहारिक प्रस्ताव र कार्यान्वयन गर्न सकिने खाका । जब संसद्मा यस्तो स्तरको बहस हुन्छ, तबमात्र जनताले राजनीति उपयोगी छ भन्ने महसुस गर्छन् । 'हामी यहाँ वाचा गर्न होइन, कामको हिसाब दिन आएका हौं' भन्ने भावना संसद्को व्यवहारमा देखिनुपर्छ ।

## सडकमा संयमित र उद्देश्यपूर्ण उपस्थिति

नेपालको राजनीति सडकसँग गहिरोरूपमा जोडिएको छ । आन्दोलनले परिवर्तन ल्याएका उदाहरणहरू प्रशस्तै छन् । तर आजको सन्दर्भमा सडक आन्दोलनको स्वरूप परिवर्तन हुन आवश्यक छ । केवल भीड देखाउने, आक्रोश पोख्ने, वा विरोधका लागि विरोध गर्ने शैलीले अब जनतालाई प्रभावित पार्दैन ।

आजको प्रतिपक्षले सडकमा उत्रँदा स्पष्ट सन्देश दिनुपर्छ- 'रिस होइन, समाधान ।'

जनताका समस्याहरू (महँगी, बेरोजगारी, सेवा ढिलाइ) यी विषयमा आवाज उठाउँदा त्यससँगै समाधान पनि प्रस्तुत गर्नुपर्छ । शान्त, अनुशासित र स्पष्ट उद्देश्य भएको आन्दोलनलेमात्र दीर्घकालीन प्रभाव पार्छ ।

## पार्टीभित्रः परिवर्तनको वास्तविक सुरुवात

राजनीतिक परिवर्तन बाहिरबाट होइन, भित्रबाट सुरु हुन्छ । यदि पार्टीभित्र पुरानै समस्या (गुटबन्दी, अपारदर्शिता र सीमित नेतृत्व) यथावत् रहे भने बाहिर जति राम्रो सन्देश दिए पनि त्यो टिक्दैन ।

नेपाली कांग्रेसले आफूभित्रै सुधारको साहस देखाउनुपर्छ । नयाँ पुस्तालाई अवसर दिनु, योग्यतामा आधारित नेतृत्व विकास गर्नु, र निर्णय प्रक्रियालाई पारदर्शी बनाउनु अत्यावश्यक छ । आजको युवा केवल समर्थन गर्न चाहँदैन, उसले सहभागिता र जिम्मेवारी खोज्छ ।

'विश्वास मागिँदैन, कमाइन्छ' भन्ने कुरा यहींबाट सुरु हुन्छ । जब पार्टीभित्रै इमानदारी र पारदर्शिता देखिन्छ, तबमात्र त्यो सन्देश बाहिर विश्वसनीय बन्छ ।

## सन्देश र शैलीः सरलता र स्पष्टता

आजको समय सूचना र सञ्चारको हो । सामाजिक सञ्जालले राजनीतिलाई झन् खुला बनाएको छ । यस्तो अवस्थामा जटिल भाषा, पुराना उपलब्धिकोमात्र चर्चा, वा निरन्तर आरोप-प्रत्यारोपले प्रभाव पार्दैन ।

जनताले बुझ्ने भाषा चाहिन्छ, देखिने काम चाहिन्छ । 'बोली होइन, काम' र 'नारा होइन, नतिजा' भन्ने सन्देश केवल शब्दमा होइन, व्यवहारमा देखिनुपर्छ । साना-साना सफल उदाहरणहरू, स्थानीय स्तरका कामहरू, र वास्तविक अनुभवहरूले नै ठूलो विश्वास निर्माण गर्छन् ।

## अन्तिम कुरा

आजको राजनीतिक प्रतिस्पर्धा केवल दलहरूबीचको होइन, विश्वास र अविश्वासबीचको हो । लोकप्रियतावादले सजिला नारा दिन्छ, छिटो भावनात्मक समर्थन बटुल्छ । तर दीर्घकालीन समाधान जिम्मेवार र परिणाममुखी राजनीतिबाट मात्र सम्भव हुन्छ । त्यसैले प्रतिपक्षको वास्तविक शक्ति तीन कुरामा निर्भर हुन्छ- संसद्मा जिम्मेवारी, सडकमा संयमता र पार्टीभित्र सुधार । यदि यी तीनै पक्ष सन्तुलित रूपमा अघि बढ्न सके भनेमात्र जनताको मन जित्न सकिन्छ ।

अन्ततः, प्रश्न सरल छ- के राजनीति फेरि विश्वासको आधार बन्न सक्छ ? यदि सक्छ भने, त्यसको सुरुवात जिम्मेवार प्रतिपक्षबाटै हुन्छ ।

*(लेखक नेपाल तरुण दलका केन्द्रीय सदस्य हुन्)*



**हिउँले सेताम्मे मुक्तिनाथ क्षेत्र** | मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–१ रानीपौवा मुक्तिनाथ क्षेत्रबाट मंगलबार बिहान देखिएको हिमपातपछि सेताम्मे मुक्तिनाथ क्षेत्र। सोमबार दिउँसो परेको हिमपातपछि मुक्तिनाथ क्षेत्र सेताम्मे बनेको हो।
*तस्बिरः रासस*

# आर्थिक अवस्था कमजोर भएका बालबालिका पढ्ने विद्यालयमा छात्राबास भवन बन्दै

**मुस्ताङ–** यहाँस्थित बारागुङ मुक्तिक्षेत्र-३ छुसाङस्थित प्रस्तावित जननर्मल माध्यमिक विद्यालयको छात्राबास भवन निर्माणाधीन अवस्थामा छ । गण्डकी प्रदेश सरकारअन्तर्गत सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको अनुदान सहयोगमा आर्थिक अवस्था कमजोर भएका बालबालिका पढ्ने विद्यालयको छात्राबास भवन निर्माण सुरु गरिएको थियो ।

आर्थिक अवस्था कमजोर भएका तथा कठिन परिस्थितिका बालबालिकाका लागि शैक्षिक पठनपाठन तथा आवासीय सेवा सहज गराउने उद्देश्यले प्रदेश सरकारले बर्सेनि विद्यालयको आवासीय छात्राबास भवन निर्माणमा आवश्यक बजेट विनियोजन गर्दै आइरहेको छ ।

गण्डकी प्रदेश सरकारले यहाँको जननर्मल माध्यमिक विद्यालयलाई हिमाली तथा दुर्गम क्षेत्र नमूना विद्यालयका रूपमा वि.सं. २०७६ मा सूचीकृत गरेको थियो । नमूना विद्यालयका रूपमा सूचीकृत भएसँगै प्रदेश सरकारले दोस्रो वर्षदेखि विद्यालयको छात्राबास भवन बनाउन योजना अघि बढाएको थियो । कोभिड महामारीका कारण विद्यालयको छात्राबास भवनको भौतिक निर्माण प्रभावित बनेको थियो ।

भवन निर्माणका लागि प्रदेश सरकारअन्तर्गत आव २०८०/८१ देखि क्रमागतरूपमा बजेट विनियोजन भइरहेको एकीकृत सेवा कार्यालय मुस्ताङका प्रमुख निरपति दर्जीले जानकारी दिए । विद्यालयको चारतले भवनको लागत अनुमान आठ करोड रूपैयाँ रहेको भए पनि प्रदेश सरकारबाट बर्सेनि न्यून बजेट विनियोजन हुँदा भवन निर्माण सम्पन्न हुन ढिलाइ भएको उनको भनाइ छ ।

हिमाली तथा दुर्गम क्षेत्र नमूना विद्यालयको आवासीय छात्राबास भवन तथा पूर्वाधार निर्माणका लागि चालु आवमा प्रदेश सरकारबाट ४५ लाख सात हजार रूपैयाँ बजेट विनियोजन भएको कार्यालय प्रमुख दर्जीले बताए । छात्राबास तथा पूर्वाधार निर्माणका लागि अघिल्लो दुई आवमा एक करोड रूपैयाँ विनियोजन भएकामा उक्त बजेटबाट छात्राबासको दोस्रो तलाको भौतिक संरचना निर्माण भएको उनले उल्लेख गरे ।

प्रदेश सरकारबाट 'हाम्रो विद्यालय नमूना विद्यालय'का रूपमा सूचीकृत भई पूर्वाधार निर्माणका योजना अघि बढाइएको भए पनि ठूलो आकारको बजेट विनियोजन हुन नसक्दा छात्राबास भवन निर्माणलाई पूर्णता दिन समस्या भएको विद्यालयका प्रधानाध्यापक श्याम गुरुङले जानकारी दिए ।

'यहाँ मुस्ताङसहित विभिन्न जिल्लाका १२३ जना विद्यार्थी अध्ययनरत छन् । भवन नहुँदा आवासीय सुविधा उपलब्ध गराउन असहज भइरहेको छ,' प्रधानाध्यापक गुरुङले भने, 'विद्यालयको पुरानै जीर्ण भवनमा छात्रलाई राखेका छौं भने छात्राका लागि बनिरहेको भुइँतलामा व्यवस्थापन गरेका छौं ।'

यहाँको कठिन परिस्थिति भएका तथा आर्थिक अभाव भएका बालबालिका पढ्दै गरेको जननर्मल माध्यामिक विद्यालयका २७ जना विद्यार्थीलाई चालु आर्थिक वर्ष १० लाख रूपैयाँ बजेट आवासीय अनुदान प्राप्त हुने प्राधानाध्यापक गुरुङले बताए । यसैगरी, संघीय सरकारबाट हिमाली आवासीय अनुदानस्वरूप १० महिनाका लागि प्रतिविद्यार्थी मासिक पाँच हजार रूपैयाँ अनुदान सहयोग रहेको उनले जानकारी दिए । *रासस*

# विदेशको ज्ञान, स्वदेशमा कमाइ

■ नारायण अधिकारी

**चितवन–** १० वर्ष दुबईमा मजदुरी गरेर फर्किएका टीकाबहादुर गुरुङले मायाँटारमा घरबास सुरु गरेपछि विदेश फर्कने सोच बदलेका छन् । इच्छाकामना गाउँपालिका-३ मायाँटारमा बाटो छेउमा आफैं बसेको घरबाट उनले घरबास सुरु गरेका हुन् ।

वि.सं. १९७८ मा बनेको पुरानो सैलीको घरमा बाटो हिँड्नेहरूलाई बास दिने चलन थियो । यही बाटो हुँदै उपरदाङगढी, शक्तिखोर, हुग्दी खोला, इच्छाकामना मन्दिर, फिस्लिङलगायतका ठाउँमा हिँडेर जानेहरू रातमा यही बास बस्ने गर्थे । गुरुङले भने, 'बाटोको घर भएकाले यही बाटो हुँदै हिँडडुल गर्नेहरूको बस्ने थलो हो यो,' उनले थपे, 'हामीले पहिला देखि नै खाना खान दिन्थ्यौं, मान्छे सुताउँथ्यौं ।'

१० वर्षको वैदेशिक रोजगारपछि फर्किएका गुरुङले चार वर्षअघि यो घरलाई मर्मतसम्भार गरेर घरबासका लागि कोठा बनाए । दुबईमा होटलमा काम गरेको अनुभव लिएका उनले फेरि फर्किएर जानुभन्दा यही केही गर्ने सोच बनाए । दुबईमा मासिक एक लाख रूपैयाँ कमाउने गुरुङ यहाँ तीन जनालाई रोजगारी दिएर ८० हजार रूपैयाँ हाराहारी कमाई हुन थालेपछि विदेश जाने योजना स्थगित गरेर यही घरबास सञ्चालन गरेको बताउँछन् । साथीभाइको सुझावलाई मनन गर्दै उनले आफ्नो पुरानो घरमा घरबास बनाए ।



उनले भने, 'यही घरबाट सुरु गरेको पहिलो पिँढीमा दुईवटा कोठा र पछि दुईवटा गरेर चारवटा कोठा तयार भयो ।' यही घरमा उनीहरूको परिवार बस्थ्यो ।

जिल्लाको पहाडी भूभागमा घरबास बनेपछि त्यहाँ जानेहरूको चहलपहल वढ्न थाल्यो । गर्मीको मौसममा जानेहरू बढी हुन थाले । बिहानै घाम लाग्ने भएकाले जाडो महिनामा पनि रात बिताउन जानेहरू बढ्न थालेपछि आफूले घरबास विस्तार गरेको उनी बताउँछन् ।

अहिले घर बाहिर पनि कोठा बनाएका छन् । ११ वटा कोठा छन् । तीमध्ये चारवटामा सँगै शौचालय पनि छ । उनले भने, 'पाहुनाको मागअनुसार विस्तार गर्दै छौं ।' हिजो मायाँटार सुगम जिल्ला भएर पनि कर्णालीजस्तो रहेको भन्दै उनले बाटो, बत्ती सबै भएपछि अब मायाँटार पर्यटकीय गन्तव्य बन्न सकेको उनी बताउँछन् । दुई वर्षयता मायाँटारमा बिजुली बत्ती पुगेको छ । त्यसअघि पाहुनालाई टुकी र सोलारको उज्यालोमा राख्ने गरेको उनी बताउँछन् । मायाँटार चिनाउन चितवनका पत्रकारको भूमिका रहेको भन्दै उनले भने, 'मायाँटार मायाँटार बन्नुमा पत्रकारको ठूलो हात छ । समाचारकै कारण यहाँ बिजुली आयो र घुम्ने ठाउँ हो भन्ने प्रचार भयो ।'

मायाँटार घुम्न आउनेहरूका लागि यहाँको रमणीय वातावरणसँगै नजिकै रहेको बालगौरी पाथीभरा मन्दिर प्रमुख गन्तव्य हो । सेतो पहरा गुफा यहाँबाट १५ मिनेटको दूरीमा छ । तीन किलोमिटर पर पर्यटकीय गन्तव्य रिग्दी खोला छ । जहाँ चिसो पानीमा नुहाउन र असला माछा पाइन्छ । त्यस्तै उपरदांगढी यहाँबाट नजिकै पर्दछ । प्रचार हुँदै गएपछि पाहुनाको चाप हुन थालेको छ । एक रातमा ४० जनासम्म राख्ने क्षमता आफूसँग रहेको भन्दै उनले अहिले वरपर अरुले पनि घरबास बनाउन थालेको बताए । बिदाको दिनमा पहिलेनै फोनमार्फत बुकिङ हुने गरेको उन बताउँछन् । आफूले स्थानीय उत्पादित खानेकुरा पाहुनालाई खुवाउने गरेको गुरुङले बताए । त्यही उत्पादन भएको फर्सी, स्कुस, निगुरो, लोकल कुखुरा, बोका, खसीजस्ता स्थानीय उत्पादनमा पाहुना रमाउने गर्दछन् ।

चितवनको तराई क्षेत्रमा अत्यधिक गर्मी हुँदा पनि त्यहाँ सिरक ओढेर सुत्नुपर्छ । यहाँ चितवनसहित काठमाडौं, मकवानपुर, पर्सा, नवलपरासी, कास्कीलगायतका धेरै जिल्लाबाट आन्तरिक पर्यटक घुम्न आउने गर्छन् । यो समुद्रिक सतहबाट करिब तीन हजार ५०० मिटर उचाइमा छ । भरतपुरबाट एक घण्टा ३० मिनेट हाराहारीको यात्रामा यहाँ पुग्न सकिन्छ । शक्तिखोर हुँदै त्यहाँ पुग्ने सडक कालोपत्रे छ । यही सडक हुँदै पृथ्वी राजमार्गको धादिङको हुग्दी खोला, धादिङ र चितवनको सिमानामा पर्ने मौवा खोला र चितवनको फिस्लिङमा पुग्न सकिन्छ । राजमार्गतर्फबाट पनि त्यत्ति नै समयमा मायाँटार आउन सकिन्छ । *रासस*

# हुप्सेकोटमा बालिकालाई पाँच हजारसहितको बैंक खाता उपहार

**मध्यविन्दु (नवलपरासी)–** नवलपरासी(बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले ३६ बालिकाहरूलाई पाँच हजार रूपैयाँसहितको बैंक खाता उपहार दिएको छ । 'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रममार्फत चालु आर्थिक वर्षमा गाउँपालिकाभित्र जन्मिएका ती बालबालिकाहरूको बैंक खातामा पाँच हजार रूपैयाँ रकम जम्मा गरिएको हो ।

हुप्सेकोट गाउँपालिकाभित्र स्थायी बसोबास गरेका दम्पतीले छोरी जन्मिएर वडा कार्यालयमा जन्म दर्ता गराएपछि छोरीको नाममा खोलिने बैंक खातामा गाउँपालिकाले पाँच हजार रूपैयाँ जम्मा गरिदिने गरिएको हुप्सेकोट गाउँपालिकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् ।

'चालु आवको फागुन मसान्तसम्म जन्मिएका ३६ जना छोरीहरूको बैंक खातामा पाँच हजार रूपैयाँका दरले एक लाख ८० हजार रूपैयाँ रकम गाउँपालिकाले निकासा गरेको छ,' उनले भनिन्, 'छोरीको बैंक खातामा अभिभावकलाई समेत कम्तीमा पाँच हजार रूपैयाँ जम्मा गर्न आग्रह गर्ने गरेका छौं ।'

'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रम निकै प्रभावकारी बनेको गाउँपालिका अध्यक्ष पाण्डेले बताइन् । छोरीकै नाममा हुने बैंक खाताको संरक्षक अभिभावक हुने छन् । छोरीको नाममा बैंक खातामा राखिएको रकम उच्च शिक्षा अध्ययनका बेला उपयोग हुने अपेक्षासहित बचत गर्ने बानीको विकास गर्न यो कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष पाण्डेले बताइन् ।

'यसरी बैंकमा जम्मा हुने रकमले छोरीको सुनौलो भविष्यका लागि बचत गर्ने बानीको विकास हुनुका साथै अध्ययन तथा अन्य कार्यका लागि छोरीलाई सक्षम बनाउन प्रोत्साहन हुने अपेक्षा रहेको छ,' उनले भनिन्, 'छोरी जन्मँदा खुसी नहुने समाजमा छोरीप्रति सम्मान र आत्मनिर्भरताको विकास गर्नुका साथै भ्रूण हत्या रोक्नका लागि पनि यो अभियान सुरु गरिएको हो ।' *रासस*

# जमिन बाँझो नराख्न किसानलाई मुख्यमन्त्री आचार्यको आग्रह

**लुम्बिनी (प्रस)–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले जमिन बाँझो नराखी उत्पादनमा जोडिन किसानलाई आग्रह गरेका छन् ।

दाङको देउखुरी क्षेत्रको महत्त्वपूर्ण सिँचाइ आयोजना प्रगन्ना नहर सरसफाइ कार्यक्रमको मंगलबार राप्ती उपत्यका (देउखुरी)मा उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले किसानका वास्तविक समस्या पहिचान गरेर ती समस्या समाधानका लागि योजना बनाइरहेको जानकारी दिए ।

उनले देउखुरी क्षेत्रलाई अन्नको भण्डारको रूपमा उल्लेख गर्दै पछिल्लो समय जमिन बाँझो रहने र उत्पादन घट्ने प्रवृत्तिप्रति चिन्ता व्यक्त गरे । तरकारीखेतीमा किसानलाई सक्रिय हुन आग्रह गर्दै स्थानीय बजारमा बाहिरी तरकारीको निर्भरता घटाउन उत्पादन वृद्धि आवश्यक रहेको मुख्यमन्त्री आचार्यले बताए । सिँचाइ सुविधा भए पनि अपेक्षित प्रतिफल लिन नसकिएको उल्लेख गर्दै उनले सबैलाई उत्पादनमुखी बन्न आग्रह गरे ।

'कृषिको आधारः सिँचाइमा सुधार'भन्ने मूल नारासहित ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र प्रगन्ना कुलो सिँचाइ प्रणाली मूल समन्वय समिति देउखुरीको संयुक्त आयोजनामा



कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरीले सिँचाइ सुविधा विस्तारमा सरकार दृढताका साथ अघि बढिरहेको बताइन् । उनले उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिँचाइको महत्त्वपूर्ण भूमिका रहेको बताइन् ।

प्रगन्ना कुलो सिँचाइ प्रणाली मूल समन्वय समितिका अध्यक्ष टंकनाथ चौधरीले राप्ती नदीमा हुने अनियन्त्रित उत्खननका कारण सिँचाइ प्रणालीमा समस्या देखिएको बताए । उक्त सिँचाइ आयोजनामार्फत हाल पाँच हजार ८०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्दै आएको छ । कार्यक्रममा मन्त्रालयका सचिव चुर्णबहादुर ओलीले सिँचाइ हुने क्षेत्रफल क्रमशः विस्तार हुँदै गएको जानकारी दिए ।

# कर्णाली प्रदेशमा छ दिन थपियो सार्वजनिक बिदा

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारले आगामी वर्ष २०८३ सालमा छ दिन थप सार्वजनिक बिदा दिने निर्णय गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय कर्णाली प्रदेश सुर्खेत वीरेन्द्रनगरमा मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले वि.सं. २०८३ मा छ दिन सार्वजनिक बिदा दिने निर्णय गरेको कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिए ।

'प्रदेश सरकारले चैत १२ गते (धान दिवस), असोज २२ गते चन्दननाथ मन्दिरको लिंगो बोक्ने मेलाका लागि सार्वजनिक बिदा दिने निर्णय गरेको छ,' उनले भने, 'यद्यपि यो जुम्ला जिल्लाका लागि मात्र हो ।' असार १५ को राष्ट्रिय धान दिवसमा भने जुम्लाबाहेक अन्य प्रदेशका नौ जिल्लामा सार्वजनिक बिदा दिइएको प्रवक्ता शाहले बताए ।

उनका अनुसार साउन १ गते साउने संक्रान्ति तथा देउडा पर्व, भदौ ४ गते प्रदेश स्थापना तथा सहिद दिवस र कात्तिक ८ गते कोजाग्रत पूर्णिमामा प्रदेशभर सार्वजनिक बिदा हुने छ ।

त्यसैगरी, मंगलबारको बैठकबाट प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ मा हेरफेर गरी उक्त सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको प्रवक्ता शाहले जानकारी दिए ।


**सुनवर्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**डाईनियाँ, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**सुनवर्षी नगरपालिकाको १५ शैयाको अस्पताल निर्माण सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सुनुवाईको सूचना**

**प्रकाशन मिति : २०८२/१२/२५**

सुनवर्षी नगर कार्यपालिकाको कार्यालय, डाईनियाँ, मोरङद्वारा निम्न बमोजिमको प्रस्ताव वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची (नियम ७(२) अनुसार कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नाम र ठेगाना** | सुनवर्षी नगरपालिका, डाईनियाँ, मोरङ, ईमेलः sunawarshimun@gmail.com; फोन नं.: ०२१-४३३०२० ०२१-४३३०२६ |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित आयोजना अन्तर्गत १५ शैयाको अस्पताल भवन निर्माण गरिनेछ, जसमा मुख्य अस्पताल भवन, शव गृह, क्यान्टिन तथा सुरक्षाका भवन लगायतका संरचनाहरु समावेश रहेका छन् । उक्त सबै संरचनाहरूको कुल निर्मित क्षेत्रफल ४४४७.६१ वर्गमिटर रहेको छ । यो निर्मित क्षेत्रफल वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची-१, नियम ३, उपनियम (च), बुँदा (२) अनुसार ३००० देखि ५००० वर्गमिटरको दायराभित्र पर्ने भएकाले संक्षिप्त वातावरणीय अध्ययन आवश्यक पर्ने देखिन्छ । त्यसैगरी, Nepal National Building Code NBC २०८:२००३ अनुसार १५ शैयाको अस्पतालमा दैनिक पानीको खपत करिब ५१०० लिटर हुने अनुमान गरिएको छ, जुन वातावरण संरक्षण नियमावली द्दण्ठठ को अनुसूची-१, नियम ३, उपनियम (च), बुँदा (६) अनुसार ५००० देखि १०,००० लिटर प्रतिदिनको दायराभित्र पर्ने हुँदा यस आधारमा पनि उक्त आयोजना संक्षिप्त वातावरणीय अध्ययन आवश्यक पर्ने श्रेणीमा पर्दछ। |
| **प्रभाव पर्न सक्ने जिल्ला/ न.पा.** | मोरङ जिल्ला, सुनवर्षी नगरपालिका, वडा नं ९ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, स्थानीय तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाईमा उपस्थिति भइ राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने मिति, स्थान र समय**

| मिति | स्थान | समय |
|---|---|---|
| २०८२/१२/२६ (बिहीबार) | झुम्रीदेवी ताल आसपास प्राङ्गणमा | बिहान ११:०० बजे |

**हिमालय बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

## नीताको 'पार्वती'को शुभमुहूर्त

नीता ढुंगाना फिल्मस्को ब्यानरमा निर्माण हुने फिल्म 'पार्वती'शुभमुहूर्त भएको छ । मंगलबार कास्कीको माछापुच्छे गाउँपालिकाको मिर्सा गाउँ वडा नम्बर १ मा फिल्मको शुभमुहूत गर्दै छायाँकन थालिएको हो । यस फिल्मलाई अभिनेत्री तथा निर्मात्री नीता ढुङ्गानाले निर्देशन गर्दैछिन् । साथै फिल्मको मुख्यभुमिकामा उनी आफैले रहने छिन् । नीताका साथमा दीपाश्री निरौला,अशोक दर्जी, सिरू बिष्ट, राधिका कँडेल, राज पंगेनी शर्मा, राजेन्द्र नेपाली, आशा पौडेल लगायतको अभिनय रहनेछ । फिल्ममा निर्देशक ढुङ्गानाकै कथा तथा पटकथा रहेको छ भने यस फिल्मको स्क्रिप्ट शिवम् अधिकारीले लेखेका हुन् ।





# 'माया भनेकै यस्तो होला'को सकियो छायांकन



■ प्रभाव संवाददाता

**काठमाडौं** – चलचित्र 'माया भनेकै यस्तो होला'को छायांकन सम्पन्न भएको छ । अभिनेत्री रेखा थापाको निर्देशनमा निर्माण भएको यस चलचित्रको २८ औं दिनमा सकिएको निर्माण टिमले जानकारी दिएको छ ।

फाल्गुन २५ गते छायांकन सुरु भएर काठमाडौं आसपासकै विभिन्न स्थानमा खिचिएको 'माया भनेकै यस्तो होला'को नियमित छायांकनपछि टुंगिएको फिल्म कोअर्डिनेटर राजन घिमिरेले जानकारी दिए ।

चलचित्र 'माया भनेकै यस्तो होला' मार्फत अभिनेत्री रेखा ८ वर्षपछि निर्देशनमा फर्किएकी हुन् । 'हिम्मतवाली' र 'मालिका' जस्ता फिल्म निर्देशन गरिसकेकी उनको यो तेस्रो निर्देशकीय फिचर सिनेमा हो । अभिनयमा नभएर निर्देशनमा मात्र पूर्ण रूपमा केन्द्रित भएकी रेखाले यसपटक आफ्नै ब्यानर 'रेखा फिल्मस्' भन्दा बाहिर आएर चलचित्रमा काम गरिरहेकी हुन् ।

नेपाली चलचित्र इतिहासमा कुनै पनि स्थापित महिला निर्देशकले बाहिरी ब्यानरको चलचित्र निर्देशन गरेको यो सम्भवतः पहिलो पटक हो । 'दिया एण्ड अमु फिल्मस्' को ब्यानरमा निर्माण भएको यस चलचित्रमा नेपाली कला क्षेत्रका दिग्गजदेखि वर्तमानका चर्चित अनुहारको जम्बो टोली छ ।

चलचित्रमा मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठसँगै पूर्व मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको मुख्य भूमिका छ । विशेष भूमिकामा पूर्वमिस नेपाल उषा खड्गीको पनि अभिनय छ । यस हिसाबले चलचित्रमा एक साथ चार मिस नेपाल समेटिएका छन् ।

'दिया एण्ड अमु फिल्मस्' को ब्यानरमा निर्माण यो चलचित्रमा लक्ष्मी गिरी, विशाल पहाडी, संगम भण्डारी, रवि डंगोल, सुनिता श्रेष्ठ र विनोद पौडेल लगायतको अभिनय छ ।

यसअघि निर्माण पक्षले चलचित्रको औपचारिक घोषण गर्दा दुईवटा पोस्टर सार्वजनिक गरेको थियो । सार्वजनिक गरिएका दुई पोष्टरमा कलाकारहरूको भावुक र रोमान्टिक अवतार देखाइएको थियो ।

एक पोस्टरमा दिल श्रेष्ठको साथमा तीन अभिनेत्रीहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र नीति शाह देखाइएको थियो । जसमा तीनै अभिनेत्रीहरू रातो रङको पहिरन (लेहेंगा र सारी) मा सजिएका थिए । दिल श्रेष्ठ र नम्रता श्रेष्ठको सामिप्यता झल्किएको छ भने सृष्टि र नीति शाहका भावहरू अलि गम्भीर देखिन्छन् ।

अर्को पोस्टरमा अभिनेता दिल एक वृद्ध (कलाकार मदनकृष्ण श्रेष्ठ) को साथमा भावुक मुद्रामा समावेश थिए । ह्विलचेयरमा बसिरहेका मदनकृष्ण श्रेष्ठको हात समातेर भुइँमा बसेका दिल श्रेष्ठको मुद्राले सन्तानको कर्तव्य र बुढेसकालको सहाराको कथालाई प्रस्तुत गरिएको थियो । हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ निर्माता रहेको यस चलचित्रले सुमधुर प्रेम कथाका माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गर्ने बताइएको छ । यस चलचित्रमा ध्रुव लम्सालको पटकथा  लेखन रहेको छ । १० वर्षपछि लेखनमा फर्किएका उनले स्क्रिप्टमा निकै मिहिनेत गरिएको बताए ।

सुदीप बरालको छायांकन रहेको चलचित्रमा अनिरुद्ध आत्रेय प्रमुख सहायक निर्देशक, राजन घिमिरे फिल्म संयोजक, संगीत प्रशान्त सिवाकोटी, ड्रेस डिजाइनर सुजेनी मल्ल, मेकअप प्रिया कार्की, प्रोडक्सन चुडामणी (सीएम) छन् । निर्माण टोलीले यस चलचित्रलाई आगामी वर्षको तीजको अवसर पारेर देशभरका हलहरूमा प्रदर्शन गर्ने लक्ष्य राखेको छ ।

# 'सेतो धरती'मा रेखाको निर्माण र बेनिशाको रंगमञ्च डेब्यू




■ प्रभाव संवाददाता

**काठमाडौं** – कान्तिपुर फिल्म एकेडेमीले निर्माण गर्दै गरेको नाटक सेतो धरती यही चैत २७ गतेदेखि मञ्चन हुने भएको छ। अमर न्यौपानेद्वारा लिखित मदन पुरस्कार विजेता प्रसिद्ध पुस्तक सेतो धरती मा आधारित यस नाटकको मुख्य भूमिकामा अभिनेत्री बेनिशा हमालले पहिलो पटक रंगमञ्चमा डेब्यु गर्दै गरेको समाचार यसअघि नै सार्वजनिक भइसकेको थियो ।

अहिले भने नाटकमा निर्माताको रूपमा रेखा थापा जोडिएसँगै दर्शकहरूको चासो अझ बढेको छ । मंगलबार कान्तिपुर फिल्म एकेडेमीले सार्वजनिक गरेको पोस्टरमा लेखक अमर न्यौपाने, निर्माता रेखा थापा र निर्देशक सुन्दर धितालको नाम उल्लेख गरिएको छ । सुन्दर धितालले यसअघि रेखा थापाकै डेब्यु नाटक मीरा निर्देशन गरेका थिए भने रेखाले पनि कान्तिपुर फिल्म एकेडेमीकै थिएटरबाट रंगमञ्च यात्रा सुरु गरेकी थिइन् ।

हाल धमाधम रिहर्सल भइरहेको नाटक सेतो धरती मा बेनिशा हमाललगायत फिल्म, थिएटर र कान्तिपुर फिल्म एकेडेमीका गरी ३० भन्दा बढी कलाकारहरू एकैपटक मञ्चमा देखिँदै छन् । नेपाल साहित्य जगतको लोकप्रिय तथा सर्वाधिक बिक्री भएको उपन्यास भएकाले पनि सेतो धरती लाई नेपाली रंगमञ्चका दर्शक र साहित्य क्षेत्रले अपेक्षाका साथ हेरेका छन् ।

यसअघि कान्तिपुर थिएटरले दीपक सिंजालीको उपन्यास मीरा मा रेखा थापा तथा पारिजातको उपन्यास शिरीषको फूल मा जीवन लुइँटेललाई रंगमञ्चमा ल्याएर नाटक निर्माण गरिसकेको छ । अहिले बेनिशा हमालको रंगमञ्च आगमनलाई पनि विशेष चासोका साथ हेरिएको छ ।

कान्तिपुर फिल्म एकेडेमीले कान्तिपुर थिएटरमार्फत रंगमञ्च, सिनेमा र साहित्यलाई जोड्ने उद्देश्यले चर्चित पुस्तकहरूलाई नाटकका रूपमा प्रस्तुत गर्दै आएको एकेडेमीका सीईओ प्रकाश पुरीले बताए ।

नाटक सेतो धरती यही चैत २७ गते शुक्रबारदेखि वैशाख १९ गते शनिबारसम्म मञ्चन हुनेछ । बुधबार बाहेक हरेक दिन साँझ ५:१५ बजे तथा शनिबार, आइतबार र नयाँ वर्षको दिन दिउँसो १:१५ बजे पनि विशेष शो रहने बताइएको छ ।

# चलचित्र 'कुम्भ' जेठ १५ गतेदेखि प्रदर्शनमा

■ प्रभाव संवाददाता

**काठमाडौं**– निर्देशक रन्धिर श्रेष्ठको लेखन तथा निर्देशनमा बनेको चलचित्र 'कुम्भ' आगामी जेठ १५ गतेदेखि प्रदर्शनमा आउने भएको छ । लामो समयदेखि म्युजिक भिडियो निर्देशन तथा चलचित्र छायांकनमा सक्रिय श्रेष्ठले यस फिल्ममार्फत एक्सन-लभ स्टोरी प्रस्तुत गरेका छन् ।

ए रस प्रोडक्सनको ब्यानरमा निर्माण भएको 'कुम्भ' नेपाली र हिन्दी दुवै भाषामा रिलिज गरिने जनाइएको छ । चलचित्रमा दक्षिण भारतीय कलाकार सुरेन्द्र ठाकुरको समेत अभिनय रहेको छ ।

एक्सन विधामा निर्माण गरिएको यस चलचित्रमा नवनायक अशोक आर्यन, वरिष्ठ कलाकारहरू सुनिल थापा र सुशील पोखरेलका साथै रोहित रुम्बा, अफ्सना थापा र सृष्टि खड्काको मुख्य भूमिका रहेको छ । चलचित्रको नेपाल र साउथ इन्डियामा छायांकन गरिएको चलचित्रमा साउथ इन्डियाका थुप्रै कलाकारको अभिनय रहेको छ । चलचित्रको छायांकन निर्देशक श्रेष्ठ स्वयंले गरेका हुन् । द्वन्द्व निर्देशन संजय थापाले गरेका छन् भने निर्माणमा रन्धिर श्रेष्ठ र राजेश साह संलग्न छन् ।

चलचित्रको पहिलो गीत यही शुक्रबार सार्वजनिक गरिने र त्यससँगै प्रचार-प्रसार अभियान सुरु गरिने निर्देशक श्रेष्ठले जानकारी दिएका छन् ।



# खेलकुदमन्त्री पोखरेलबाट फाप्ला क्रिकेट मैदानको अवलोकन

■ प्रभाव संवाददाता



**सुदूरपश्चिम**– शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले धनगढीमा निर्माणाधीन फाप्ला अन्तरराष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्रामको निरीक्षण गरेका छन् ।

त्यस अवसरमा उनले आगामी दिनमा सरकारले आयोजनालाई विशेष प्राथमिकतामा राखेर बाँकी काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री पोखरेलले भने, 'फाप्ला आयोजनाको जग्गा प्राप्ति, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्यांकन (इआइए) जस्ता प्राविधिक प्रक्रियाहरू सम्पन्न भइसकेका छन् । यो आयोजना राष्ट्रिय आयोजना बैंकमा समावेश भइसकेकाले अब सरकारले विशेष प्राथमिकतामा राखेर बजेट र कार्यान्वयनको पाटोलाई अगाडि बढाउनेछ ।'

निरीक्षणका क्रममा उक्त क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण समितिका अध्यक्ष सुवास शाहीले परियोजना निर्माणबारे जानकारी गराएका थिए । उनले निर्माण भएपछि समग्र देशको आर्थिक विकासका लागि 'गेम चेन्जर' परियोजना हुने भन्दै सरकारले प्राथमिकतामा राखेर काम गर्ने विश्वास व्यक्त गरे ।

धनगढी उपमहानगरपालिका-३ मा निर्माण भइरहेको परियोजनाको जग्गा प्राप्ति, डिपिआर, इआइए जस्ता प्राविधिक प्रक्रियाहरू गत असार महिनामा पूरा भई राष्ट्रिय आयोजना बैंकमा समावेश भइसकेको छ । निरीक्षण टोलीमा प्रतिनिधिसभाका सदस्य आनन्दबहादुर चन्द र केपी खनालगायत सहभागी थिए ।

धनगढी क्रिकेट एकेडेमी (डिसिए)का अध्यक्षसमेत रहेका निर्माण समितिका अध्यक्ष शाहीको नेतृत्वमा विगतमा धनगढीको फाप्ला मैदानमा अन्तरराष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माणका लागि 'ड्रिम फाप्ला' अभियान अघि सारिएको थियो । खेलग्रामअन्तर्गत यहाँ अन्तरराष्ट्रिय मापदण्डअनुरूप ५० हजार दर्शक क्षमताको क्रिकेट रंगशाला चरणबद्ध रूपमा निर्माण गरिने लक्ष्य छ ।

यस्तै, रंगशालामा फुटबल मैदान, पौडी पोखरी, ट्र्याक एन्ड फिल्ड, मल्टी स्पोर्ट्स हल, स्पोर्ट्स म्युजियमलगाएतका पूर्वाधारहरू समावेश गरिने छन् । आयोजनाको लागत रु २६ अर्ब अनुमान गरिएको छ ।

### फाप्ला क्रिकेट मैदान निर्माण हुन्छ

शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले कैलालीको धनगढीस्थित फाप्ला क्रिकेट मैदान निर्माणमा सरकारले सहयोग गर्ने बताएका छन् ।

बुधबार बिहान धनगढी आइपुगेका मन्त्री पोखरेलले फाप्ला क्रिकेट मैदानको निरीक्षणका क्रममा सङ्क्षिप्त प्रतिक्रिया दिँदै सुदूरपश्चिममा क्रिकेटको क्रेज रहेको धारणा राख्नुभयो । "विगतका सरकारले पनि फाप्लालाई प्राथमिकतामा राखेको रहेछ", मन्त्री पोखरेलले भन्नुभयो, "सरकारले निर्माणलाई महत्व दिएर अघि बढ्छ ।"

कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको सभामा सहभागी हुन यहाँ आइपुगेका मन्त्री पोखरेलले बुधबारै कञ्चनपुरको महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालय र दोधारा चाँदनीमा निर्माणाधीन सुक्खा बन्दरगाह निरीक्षण गर्ने कार्यक्रम तय भएको मन्त्री पोखरेलका स्वकीय सचिव आरजु लोहनीले जानकारी दिइन् ।

# नेपालले लगातार दुई एकदिवसीय सिरिज खेल्ने

■ प्रभाव संवाददाता



**काठमाडौं** – नेपाली राष्ट्रिय क्रिकेट टोलीले लगातार २ वटा ओडिआई सिरिज घरेलु मैदानमा खेल्ने भएको छ ।

विश्वकप लिग २ अन्तर्गतको लगातार रूपमा २ वटा त्रिकोणात्मक सिरिज नेपालले लगातार खेल्न लागेको मंगलबार नेपाल क्रिकेट संघ(क्यान) ले बताएको छ । गत महिना नेपाल, ओमान तथा युएईबीच तोकिएको सिरिज र नेपाल, अमेरिका र स्कटल्याण्डबीचको सिरिज आयोजना हुन लागेको हो ।

नेपाल, ओमान र युएईसँगको त्रिकोणात्मक ओडिआई सिरिज खाडी मुलुकमा देखिएको संकटका कारण रोकिएको थियो । अमेरिका र स्कटल्याण्डसँगको सिरिज भने तोकिएको समयमा हुदैछ ।

नेपाल, ओमान र युएईको सिरिज वैशाख १२ देखि २३ गते सम्म हुनेछ । त्यसपछि नेपाल, अमेरिका र स्कटल्याण्डको सिरिज जेठ १ देखि ११ गतेसम्म हुनेछ । दुवै सिरिज कीर्तिपुरस्थित त्रिवि रंगशालामा हुनेछ।

लिग टुमा ८ टोलीको सहभागिता रहेकोमा २० खेलमा १२ अंकसहित नेपाल सातौं स्थानमा छ । २४ खेलमा ३६ अंकसहित अमेरिका शीर्ष स्थानमा छ ।

# गोलबजार मेयर गोल्डकप सुरु

■ प्रभाव संवाददाता

**सिरहा** – सिरहाको गोलबजार नगरपालिकामा सोमबारदेखि सुरु भएको नवौं संस्करणको 'गोलबजार मेयर गोल्डकप' फुटबल प्रतियोगिताको उद्घाटन खेलमा राष्ट्रिय जागृति क्लब, इटहरी विजयी भएको छ । गोलबजार नगरपालिका-२ गुरुधामस्थित खेलग्राममा भएको प्रतिस्पर्धात्मक उद्घाटन खेलमा हेटौंडा फुटबल एकेडेमीलाई पेनाल्टी सुटआउटमा ३-१ गोल अन्तरले पराजित गर्दै इटहरीले सुखद सुरुआत गरेको हो ।

निर्धारित समयको खेल १-१ गोलको बराबरीमा सकिएपछि हारजितको निर्णय पेनाल्टी सुटआउटबाट लिइएको थियो । खेलमा उत्कृष्ट प्रदर्शन गरेका इटहरीका गोलरक्षक विवस चौधरी 'म्यान अफ द म्याच' घोषित भएका छन् ।

प्रतियोगिताको उद्घाटन गर्दै मधेस प्रदेशसभाका सदस्य एवं पूर्वमन्त्री सत्रुधनप्रसाद सिंहले खेलकुदले युवालाई अनुशासन र सकारात्मक मार्गमा डोऱ्याउने बताए । उनले यस्ता स्थानीय प्रतियोगिताले लुकेका प्रतिभा उजागर गर्नुका साथै सामाजिक सद्भाव र एकता मजबुत बनाउने उल्लेख गरे । खेल क्षेत्रको दिगो विकासका लागि राज्य र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेकामा उनले जोड दिए ।


प्रतियोगिताअन्तर्गत आज दिउँसो २:०० बजे सिरहाको सलहेश युवा क्लब र आयोजक गोलबजार स्पोर्ट्स क्लबबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । यही चैत २९ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका विजेताले रु चार लाख ४४ हजार ४४४ र उपविजेताले रु दुई लाख २२ हजार २२२ नगदसहित ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगितामा देशका विभिन्न स्थानका आठ टोलीको सहभागिता छ ।



छिडमिङ महोत्सवको बिदाको समयमा चीनको जियाङ्सु प्रान्तस्थित नान्तोङ सहरमा रहेको एक रमणीय स्थानमा चेरीको फूल अवलोकन गर्दै पर्यटक । *तस्बिर: सिन्हुवा*

# चन्द्र उडानपछि फर्किंदै आर्टेमिस टोली

**हयुस्टन–** इतिहास रेकर्ड तोड्दै चन्द्रमाको दुर्लभ दृश्यहरूको साक्षी बनेको आर्टेमिस द्वितीय अन्तरिक्ष टोलीले आफ्नो महत्त्वाकांक्षी उडान सम्पन्न गर्दै पृथ्वीतर्फ फर्किने यात्रा सुरु गरेको छ । करिब सात घण्टासम्म अन्तरिक्षयानको झ्यालमा आँखा गाडेर बसेका चार सदस्यीय टोलीले मानव इतिहासमै फरक र अभूतपूर्व खगोलीय अनुभव संकलन गरेका छन् ।



चन्द्रमाको कम चिनिएका क्रेटरहरूदेखि सूर्य ग्रहणसम्मका दृश्य अवलोकन गरेका अन्तरिक्षयात्रीहरूले अन्तरिक्षबाट देखिएका दृश्यलाई शब्दमा व्यक्त गर्न कठिन भएको बताएका छन् । अन्तरिक्षयात्री भिक्टर ग्लोभरले आफूहरूले देखेका दृश्य मानव कल्पनाभन्दा पर रहेको उल्लेख गर्दै त्यसलाई 'अविश्वसनीय' अनुभवका रूपमा वर्णन गरे ।

उडानका क्रममा टोलीले चन्द्र सतहका सूक्ष्म संरचनाहरूलाई नजिकबाट नियालेका थिए भने चन्द्रमाले सूर्यलाई ढाक्दा देखिने सूर्य ग्रहणको दृश्य पनि प्रत्यक्ष देखेका थिए । त्यस्तै, चन्द्र सतहमा देखिएका उज्याला चमकहरू उल्का प्रहारका संकेत भएको उनीहरूले बताएका छन् । आर्टेमिस द्वितीयका प्रमुख वैज्ञानिक केल्सी यङले यस अभियानबाट प्राप्त वैज्ञानिक जानकारी अत्यन्तै मूल्यवान् रहेको बताउँदै अन्तरिक्षयात्रीहरूको योगदानको प्रशंसा गरे ।

ऐतिहासिक दूरी पार गर्दै टोलीले सन् १९७० को अपोलो १३ अभियानले कायम गरेको कीर्तिमानसमेत तोडेको छ । उनीहरू पृथ्वीबाट करिब दुई लाख ५२ हजार ७६० माइल (चार लाख छ हजार ७७८ किलोमिटर) टाढा पुगेका थिए, जुन अघिल्लो रेकर्डभन्दा चार हजार १०५ माइल बढी हो । अन्तरिक्षयात्री जेरेमी हयानसेनले यो उपलब्धिले भावी पुस्तालाई अझ अगाडि बढ्न प्रेरित गर्ने विश्वास व्यक्त गरे ।

यात्राका क्रममा उनीहरूले करिब ४० मिनेटसम्म पृथ्वीसँग सम्पर्क गुमाउनुपरेको थियो, जुन अन्तरिक्षयान चन्द्रमाको पछाडि पुग्दा स्वाभाविकरूपमा हुने 'ब्ल्याकआउट' हो । यो क्षण ५० वर्षभन्दा बढीपछि पहिलोपटक मानवले पृथ्वीसँग सम्पर्कविहीन भएको घटना बनेको छ । पुनः सम्पर्क स्थापित भएपछि अन्तरिक्षयात्री क्रिस्टिना कोचले पृथ्वीको आवाज फेरि सुन्न पाउँदा निकै सन्तोष मिलेको बताइन् ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तरिक्षयात्रीहरूसँग फोनमार्फत संवाद गर्दै उनीहरूलाई 'आधुनिक समयका अग्रगामी' भन्दै प्रशंसा गरे । उनले यस्तो साहसिक अभियानले विश्वलाई प्रेरित गरेको उल्लेख गर्दै अन्तरिक्ष अन्वेषणमा अमेरिका अग्रपंक्तिमा रहने धारणा व्यक्त गरे । संवादका क्रममा केही समय संकेत अवरोधसमेत देखिएको थियो, जसलाई उनले दूरीको कारण भएको टिप्पणी गरे ।

ओरियन क्याप्सुलमार्फत फर्किंदै गरेको टोली अब स्वतः पृथ्वी फर्किने बाटो (फ्रि-रिटर्न प्रक्षेपवक्र) मार्गमा पृथ्वी आइपुग्न करिब चार दिन लाग्ने छ । रिड वाइसम्यानको नेतृत्वमा रहेको यस मिसनमा विविध ऐतिहासिक उपलब्धि पनि समावेश छन् । ग्लोभर चन्द्रमाको वरिपरि पुग्ने पहिलो अश्वेत अन्तरिक्षयात्री बनेका छन् भने कोच पहिलो महिला र हयानसेन पहिलो गैरअमेरिकीका रूपमा इतिहासमा दर्ज हुने तयारीमा छन् ।

मिसनका क्रममा टोलीले दुई नयाँ चन्द्र क्रेटरको नाम प्रस्ताव गर्ने निर्णय गर्दा एउटा भावनात्मक क्षण पनि देखापर्‍यो । पहिलोलाई अन्तरिक्षयानको उपनाम 'इन्टिग्रिटी' बाट नामकरण गर्न प्रस्ताव गरिएको छ भने दोस्रो 'क्यारोल' नाम रिड वाइसम्यानकी स्वर्गीय पत्नीको सम्झनामा राख्न सुझाव दिइएको छ, जसको क्यान्सरका कारण निधन भएको थियो । उक्त क्षणमा टोली भावुक बनेको थियो र हयुस्टनस्थित मिसन कन्ट्रोलले पनि मौन धारण गरेको थियो ।

नासाका अनुसार यी नामहरू औपचारिक स्वीकृतिका लागि अन्तर्राष्ट्रिय एस्ट्रोनोमिकल युनियनसमक्ष पेस गरिने छन्, जुन खगोलीय संरचनाहरूको नामकरण गर्ने आधिकारिक निकाय हो । *रासस/एएफपी*

# दादुराविरुद्ध बंगलादेशको आपत्‌कालीन अभियान

**ढाका–** एक महिनाभित्रै १०० भन्दा बढी बालबालिकाको ज्यान जानेगरी फैलिएको दादुरा प्रकोप नियन्त्रण गर्न बंगलादेशले देशव्यापी आपत्‌कालीन खोप अभियान सुरु गरेको छ । तीव्ररूपमा बढ्दो संक्रमणलाई नियन्त्रणमा लिन सरकारले अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर उच्च जोखिम क्षेत्रबाट अभियान अघि बढाइरहेको छ ।

सरकारले विश्व स्वास्थ्य संगठन, युनिसेफ र गाभी खोप गठबन्धनसँगको सहकार्यमा आइतबारदेखि १८ उच्च जोखिममा रहेका जिल्लाहरूमा छ महिनादेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई खोप दिन सुरु गरेको जनाएको छ । यो अभियान अर्को महिनादेखि चरणबद्ध रूपमा देशभर विस्तार गरिने योजना रहेको छ ।

युनिसेफका प्रतिनिधि राणा फ्लावर्सले संक्रमण तीव्र गतिमा बढिरहेकोप्रति गहिरो चिन्ता व्यक्त गरे । उनका अनुसार यो प्रकोपले विशेषगरी खोप नलगाइएका वा न्यून खोप लगाइएका बालबालिकामा रहेको प्रतिरक्षात्मक खाडल उजागर गरेको छ । साथै, नौ महिनाभन्दा कम उमेरका शिशुहरूमा संक्रमण देखिनु झन् चिन्ताजनक भएको उनले बताए, किनकि उनीहरू नियमित खोपका लागि अझै योग्य हुँदैनन् ।

सरकारी तथ्यांकअनुसार करिब १७ करोड जनसंख्या रहेको देशमा मार्च १५ यता सात हजार ५०० भन्दा बढी शंकास्पद संक्रमित फेला परेका छन् । तीमध्ये ९०० भन्दा बढीमा दादुरा पुष्टि भइसकेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार दादुरा अत्यन्तै संक्रामक वायुजन्य रोग हो, जसले ज्वरो, श्वासप्रश्वाससम्बन्धी समस्या र शरीरमा विशेष प्रकारको बिमिरा ल्याउँछ । साना बालबालिकामा यसले गम्भीर जटिलता र मृत्युसमेत निम्त्याउन सक्छ ।

रोगको फैलावट रोक्न कम्तीमा ९५ प्रतिशत जनसंख्यामा खोप कभरेज आवश्यक हुने बताइएको छ । तर बंगलादेशमा खोप पहुँचमा असमानता कायम रहँदा जोखिम अझै उच्च रहेको देखिएको छ ।

स्वास्थ्यमन्त्री सरदार मोहम्मद सखावत हुसेनले संसद्मा जवाफ दिँदै वर्तमान प्रकोप विगतका सरकारहरूको कमजोर व्यवस्थापनको परिणाम भएको बताए । उनका अनुसार अपदस्थ प्रधानमन्त्री शेख हसिनाको नेतृत्वको अघिल्लो सरकार र त्यसपछिको अन्तरिम प्रशासनले खोप भण्डारण र आपूर्ति व्यवस्थापनमा आवश्यक निर्णय लिन नसक्दा दादुरासहित अन्य छ रोगका खोप अभाव सिर्जना भएको हो ।

हालैको राजनीतिक अस्थिरताले पनि खोप अभियानमा अवरोध पुर्‍याएको थियो । सन् २०२४ मा भएको जनविद्रोहपछि शेख हसिना सत्ताच्युत भएकी थिइन् भने त्यसपछि नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो । *रासस/एपी*

# अमेरिका–इजरायलद्वारा इरानको खार्ग टापुमा आक्रमण

**तेहरान–** इरानको प्रमुख तेल निर्यात केन्द्र खार्ग टापुमा अमेरिका र इजरायलले मंगलबार आक्रमण गरेको समाचार सार्वजनिक भएको छ । इरानको मेहर समाचार एजेन्सीका अनुसार 'अमेरिकी-जायोनिस्ट शत्रुले खार्ग टापुमा धेरै आक्रमण गरेको छ र त्यहाँ विस्फोटका आवाज सुनिएका छन् ।'

एक समाचार स्रोतका पत्रकारले एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै सामाजिक सञ्जालमा लेखे, 'अमेरिकाले उक्त टापुमा सैन्य लक्ष्यहरूमा आक्रमण गरेको हो ।' यद्यपि एक अमेरिकी समाचारपत्रले ह्वाइट हाउस अधिकारीलाई उद्धृत गर्दै आक्रमण सैन्य लक्ष्यमै केन्द्रित रहेको जनाएको छ । अर्को अन्तर्राष्ट्रिय समाचार माध्यमले पनि अमेरिकी अधिकारीको भनाइ उल्लेख गर्दै तेल पूर्वाधारमा क्षति नपुगेको बताएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको नागरिक पूर्वाधार नष्ट गर्ने धम्की बारम्बार दिँदै आएका छन् । मंगलबार उनले 'पूरै सभ्यता नै नष्ट हुन सक्छ' भन्ने चेतावनी दिएका थिए ।

खार्ग टापु इरानको तेल निर्यात प्रणालीको केन्द्रबिन्दु हो र देशको अर्थतन्त्रका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यो टापु रणनीतिकरूपमा महत्त्वपूर्ण होर्मुज जलडमरूमध्य नजिक अवस्थित छ, जहाँ इरानको सबैभन्दा ठूलो तेल टर्मिनल, पाइपलाइन, भण्डारण ट्यांक तथा अन्य पूर्वाधार रहेका छन् ।

यसअघि मार्च १३ मा पनि अमेरिकाले खार्ग टापुमा ९० भन्दा बढी सैन्य लक्ष्यमा बमबारी गरेको जनाएको थियो, जसमा तेलसम्बन्धी संरचना भने प्रभावित नभएको बताइएको थियो । *रासस/एएफपी*



इरानी राष्ट्रपतिले भने

## एक करोड ४० लाख नागरिक बलिदानका लागि तयार

**तेहरान–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको स्ट्रेट अफ होर्मुज खोल्ने समयसीमा सकिँदै गर्दा इरानी राष्ट्रपतिले एक करोड ४० लाखभन्दा बढी नागरिकले देशको रक्षाका लागि जीवन बलिदान गर्न तयार रहेको बताएका छन् । राष्ट्रपति मसुद पेजेस्कियानले एक्समा पोस्ट गर्दै आफू पनि देशका लागि बलिदान दिन तयार रहेको बताए ।

'एक करोड ४० लाखभन्दा बढी गर्वित इरानीहरूले आफ्नो जीवन इरानको रक्षामा समर्पित गर्न तयार रहेको घोषणा गरेका छन् । म पनि इरानका लागि बलिदानी भएको छु, छु र हुने छु,' उनले लेखेका छन् ।

यसअघि, इरानका उपखेलकुदमन्त्री अलिरेजा रहिमीले खेलाडी, कलाकार, विद्यार्थी र शिक्षकहरूलाई पावर प्लान्ट वरिपरि 'मानव शृंखला' बनाउन आह्वान गरेका थिए । यो कदम अमेरिकी राष्ट्रपति ट्रम्पको निर्धारित अल्टिमेटमसँग सम्बन्धित थियो, जसमा उनले इरानले स्ट्रेट अफ होर्मुजबाट ढुवानी पुनः सुरु नगरेमा देशका सबै पावर प्लान्ट र प्रमुख पुलहरूमा बमबारी हुने चेतावनी दिएका थिए । ट्रम्पले सोमबार ह्वाइट हाउसमा भनेका थिए, 'यदि इरानले मंगलबार राति ८:०० बजे पूर्वी समयअघि सम्झौता गर्न आएन भने, देशका सबै प्रमुख पुल र पावर प्लान्टहरू नष्ट गरिने छन् ।' उनका अनुसार यो 'पूरै देशलाई एकै रातमा निशाना बनाउने' योजना हुन सक्छ ।

इरानी राष्ट्रपतिको यो आह्वान अमेरिकी धम्कीको प्रतिवादका रूपमा आएको हो, जसले युवा र नागरिकलाई आफ्नै सुरक्षा र राष्ट्रिय सम्पत्तिको संरक्षणमा सक्रिय भूमिका लिन प्रेरित गरेको छ । ट्रम्पले यसलाई 'महत्त्वपूर्ण अवधि' भन्दै इरानलाई वार्ता गर्न पर्याप्त समय दिएको र अब यसको परिणाम तत्काल देखिने बताए । *रासस/एएनआई*

# भारत आणविक इन्धन आत्मनिर्भर तातर्फ

**नयाँदिल्ली–** भारतले आफ्नै आणविक इन्धन उत्पादनतर्फ महत्त्वपूर्ण फड्को मारेको छ । घरेलु प्रविधिबाट डिजाइन गरिएको प्रोटोटाइप फास्ट ब्रिडर रिएक्टर (पिएफबिआर) ले सफलतापूर्वक नियन्त्रित आणविक शृंखला प्रतिक्रिया सुरु गरेको छ । यसलाई 'क्रिटिकल' अवस्था भनिन्छ । यो चरण पार गर्नु विद्युत् उत्पादन सुरु हुनु अघि अत्यन्तै महत्त्वपूर्ण मानिन्छ ।

ऊर्जा माग तीव्र गतिमा बढिरहेको र हरितगृह ग्यास उत्सर्जनमा विश्वमै तेस्रो स्थानमा रहेको भारतले सन् २०४७ सम्म आफ्नो आणविक ऊर्जा क्षमता हालको करिब आठ गिगावाटबाट १०० गिगावाट पुर्‍याउने लक्ष्य राखेको छ । यस्तो अवस्थामा यो प्रगतिलाई दीर्घकालीन ऊर्जा सुरक्षातर्फ रणनीतिक कदमका रूपमा हेरिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले कलपक्कमस्थित उक्त रिएक्टरले 'क्रिटिकल' अवस्था हासिल गरेको जानकारी दिँदै यसलाई भारतको असैन्य आणविक कार्यक्रमको दोस्रो चरणतर्फको निर्णायक प्रगति बताए । उनका अनुसार यो उपलब्धिले स्वदेशी वैज्ञानिक क्षमता र इञ्जिनियरिङ दक्षताको स्पष्ट झल्को दिन्छ । *रासस/एएफपी*


**मलेसियामा रोजगार** कम्पनी : K-FORCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१२/२४ | LT. No. 332675 | चलानी नं. ६०२४६३२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ६२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np
1610/079/80

**मलेसियामा रोजगार** कम्पनी : NATION PROTECTION SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/०७/२५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/१२/२४ | LT. No. 333507 | चलानी नं. ६०२४७२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 86 | 0 | 1700 | ६२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9818104188, Email:- bijay.skypowernepal@gmail.com
श्रम इजाजत नं. १२७५/०७४/७५

**मलेसियामा शुन्य लागतको रोजगार !! FREE VISA !! FREE TICKET!!**

कम्पनी : FREIGHTWATCH G PATOMOTOH SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/२४ | LT. No. 335070 | चलानी नं. ६०२४८७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 9 | 0 | 1700 | ६२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम इजाजत नं. १४०४/०७४/०७५

**जापानमा रोजगार** कम्पनी : MS CO.LTD

पूर्व स्वीकृति मिति : २०८१/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/२४ | LT. No. 306213 | चलानी नं. ६०२२०९७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 3 | 0 | 194000 | १,८०,८२० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ४०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २ गते (15th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Richhood Overseas Inc. Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com
Govt. License 539/061/062

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २९१८०० | प्रति तोला - ० | प्रति तोला - ४८२० |



**हिउँ हेर्दै पर्यटक** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ खोप्रालेक भ्रमणमा आएका पर्यटक हिउँमा रमाउँदै । समुद्री सतहदेखि तीन हजार ६०० मिटर उचाईमा रहेको खोप्रालेक म्याग्दीको नयाँ पर्यटकीयस्थलको रूपमा विकास भएको छ ।
*तस्बिर : सन्तोष गौतम/रासस*

# महिना दिनमा ४८ हजार पर्यटक अन्नपूर्ण क्षेत्रमा

■ **प्रभाव संवाददाता**

**गण्डकी–** दोस्रो मुख्य पर्यटकीययाम सुरु भएसँगै अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्यटकको चहलपहल बढेको छ । गत मार्च महिनामा ४८ हजार ५१३ जना विदेशी पर्यटकले उक्त क्षेत्रका विभिन्न गन्तव्यस्थलको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ । तीमध्ये दक्षिण एसियाली मुलुकका ३२ हजार २० र अन्य देशका १६ हजार ४९३ पर्यटक रहेका छन् ।

सन् २०२५ को मार्च महिनाको तुलनामा यस वर्ष ११ हजार ६७९ पर्यटक बढको आयोजना प्रमुख डा रविन कडरियाले बताए । पछिल्लो समय यस क्षेत्रमा पर्यटक आगमनमा वृद्धि भइरहेको उनको भनाइ छ । 'नेपाल भित्रने विदेशी पर्यटकमध्ये ४० प्रतिशत अन्नपूर्ण क्षेत्रको भ्रमणमा आउने गरेका तथ्यांकले देखाएको छ', उनले भने, 'यहाँ आउने दक्षिण एसियाली पर्यटकमा भारतीयको संख्या बढी छ ।'

नेपालमा मार्चदेखि मेसम्मको महिनालाई दोस्रो मुख्य पर्यटकीययामका रूपमा लिइन्छ । नयाँ वर्ष आउन लागेको र वार्षिक परीक्षापछि शैक्षिक संस्थामा पनि बिदा हुने भएकाले यस याममा आन्तरिक पर्यटकको चहलपहल पनि बढ्ने आयोजना प्रमुख डा कडरियाले बताए । पदयात्रा गर्न रुचाउने आन्तरिक तथा बाह्य पर्यटकका लागि यो याम उत्तम रहेको उहाँको भनाइ छ ।

आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ । सडक मार्ग भएर बर्सेनि ठूलो संख्यामा आन्तरिक पर्यटक यस क्षेत्रमा भित्रने गरेका छन् । यहाँको अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोरेपानी, पुनहिलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थल पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन् । अन्नपूर्ण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वमै प्रसिद्ध मानिन्छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले देशविदेशका यस क्षेत्र परिचित छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ ।

# आयात-निर्यात व्यवसायीको दबाब

## अनलाइन रिफन्डदेखि कर संरचना सुधारसम्म माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं –** आयात निर्यातकर्ता व्यवसायीहरूको प्रतिनिधि संस्था नेपाल समुद्रपार निकासी पैठारी संघको ४५औं वार्षिक साधारणसभा काठमाडौंमा सम्पन्न भएको छ । उक्त साधारणसभाले संघको वार्षिक र आर्थिक प्रतिवेदन तथा विभिन्न प्रस्ताव पारित गरेको छ । साधारण सभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा प्रतिनिधिसभा सदस्य गणेश पराजुलीले आगामी दिनमा उद्यमी व्यवसायीले सम्मानित महसुस हुने वातावरण सरकारले बनाउने बताए ।

चुनावबाट झन्डै दुई तिहाइ बहुमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावअघि वाचापत्रमार्फत सार्वजनिक गरेका ५ प्रतिबद्धता पूरा गर्न निजी क्षेत्रको साथ अपरिहार्य रहेको भन्दै सांसद पराजुलीले अगाडि थपे, 'निकासी पैठारी ऐन बन्दै छ, त्यसमा तपाईंहरूसँग सहकार्य आवश्यक छ ।'

सरकारलाई तिर्नुपर्ने कर अनलाइनबाट तिर्न सकिन्छ भने उद्यमी व्यवसायीले सरकारबाट फिर्ता पाउनुपर्ने रकम पनि अनलाइनबाट फिर्ता गर्नुपर्नेमा उनले जोड दिए । कार्यक्रममा उपस्थित भन्सार विभागका महानिर्देशक लगायत अन्य उच्च सरकारी अधिकारीप्रति इंगित गर्दै उनले सोधे, 'व्यवसायीले सरकारलाई तिर्नुपर्ने राजस्व र शुल्कहरू अनलाइन तिर्न मिल्छ भने व्यवसायीले पाउने

**नीतिगत कारणले १ लाख ५० हजार व्यवसायी कालोसूचीमा परेको औंल्याउँदै उनले बहुदरको मूल्य अभिवृद्धिकर बारे अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याए । निजी क्षेत्रका चासोका विषयको पैरवीमा संघसँग एकमत भएर अघि बढ्ने प्रतिबद्धता पनि औंल्याए ।**

रिफन्ड अनलाइनबाट किन हुँदैन ? यसमा भोलिदेखि नै काम सुरु गर्नुस् ।'

आफूले निजी क्षेत्रका समस्या नजिकबाट अनुभूत गरेको जानकारी गराउँदै उनले उद्यमी व्यवसायीलाई सरकारले नियन्त्रण नभई नियमन गर्ने बताए । सांसद पराजुलीले नीति निर्माणको थलो संसद् भएकोले नीतिगत समस्या र अप्ठ्याराका मुद्दा संसदीय समितिमा लिएर आउन पनि सुझाए ।

मुलुकलाई एफएटिएफको ग्रे-लिस्टबाट बाहिर निकाल्नुपर्ने अवस्थामा अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउनु जरुरी रहेकोमा जोड दिएका उनले व्यवसायीलाई नियत सफा राखेर काम गर्न सुझाए । 'तपाईंहरू सफा नियत राखेर आउनुस्, कुनकुन कानुन संशोधन गर्नुपर्छ गरौंला,' उनले भने ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले नीतिगत समस्या समाधानका लागि महासंघ र निजी क्षेत्रका अन्य संघसंस्थाले सहकार्य गर्नुपर्ने बताए ।

नेपाल उद्योग परिसंघका अध्यक्ष विरेन्द्रराज पाण्डेले निजी क्षेत्रलाई सहयोग हुने खालको नीतिगत व्यवस्थाको आवश्यकता औंल्याउँदै उत्पादन र निर्यातप्रवर्द्धनमा लाग्नुपर्ने बताए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले जनताले चाहेको परिवर्तन र निजीक्षेत्रले चाहेको स्थायित्व आएकोले अब आर्थिक क्रान्तिको शुभारम्भ हुनुपर्नेमा जोड दिए । नीतिगत कारणले १ लाख ५० हजार व्यवसायी कालोसूचीमा परेको औंल्याउँदै उनले बहुदरको मूल्य अभिवृद्धिकर बारे अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याए । निजी क्षेत्रका चासोका विषयको पैरवीमा संघसँग एकमत भएर अघि बढ्ने प्रतिबद्धता पनि औंल्याए ।

संघका अध्यक्ष शिवकुमार अग्रवालले खुला सिमानाका छिद्रमार्फत हुने अनधिकृत आयात रोक्न नेपाली र भारतीय बजारबीच वस्तुको मूल्यमा ठूलो ग्याप नहुने गरी कर र महशुलका दरहरू समायोजन गर्नुपर्नेमा जोड दिए । त्यसैगरी उहाँले हचुवाको भरमा वस्तु आयातमा प्रतिबन्ध लगाउन नहुने र आयातित वस्तु बढी राजस्व प्राप्त हुने शीर्षकमा राखेर जाँचपास गर्न दबाब दिने परिपाटी अन्त्य हुनुपर्नेमा जोड दिए । उद्घाटन सत्रमा संघका महासचिव जयन्तकुमार अग्रवालले आयात-निर्यातकर्ता व्यवसायीका चासो र नीतिगत सुधारसम्बन्धी सामग्री प्रस्तुत गरेका थिए ।

# पुन:सञ्चालनको चर्चामा बुटवल धागो कारखाना

■ **दामोदर खनाल**

**बुटवल–** २०६६ सालदेखि बन्द रहेको बुटवलको धागो कारखाना प्रत्येक सरकार र उद्योग मन्त्री फेरिएसँगै सञ्चालनमा ल्याउने चर्चा सुरू हुन्छ । बर्तमान बालेन्द्र सरकार गठन भएसँगै यो धागो कारखाना पुन:संचालनमा ल्याउने चर्चा सुरू भएको छ ।

२०४७ सालमा विधिवत् स्थापना भएको यो उद्योग नेपालकै पहिलो आधुनिक धागो उद्योग हो । २०४८ मंसिर २७ गते पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोईरालालबाट उद्घाटन भई धागो उत्पादन सुरू भएको थियो । जहाँ प्रत्यक्ष रूपमा करिव एक हजार जनाले रोजगार पाएका थिए ।

यो कारखाना कच्चा पदार्थको अभाव, राजनीतिक प्रभाव र कर्मचारी आन्दोलनका कारण बन्द भएको हो । वर्तमान सरकार यो कारखाना पुन: सञ्चालनमा ल्याउने तयारीमा छ । स्थापना कालदेखि कारखानामा कार्यरत कर्मचारी सुदर्शन यादव हाल उद्योग रेखदेखको लागि कार्यरत नै छन् । उनी अब यो उद्योग पुरानै तरिकाले संचालन गर्न सहज नभएकाले नयाँ आधुनिक परिवेश अनुसार सञ्चालनमा ल्याउन सकिने बताउँछन् ।

यादवले भने, 'म तीन सिफ्ट मेसिन चलाएको व्यक्ति हो अहिले सहायक महाप्रबन्धक डोलराज शर्मा सर र म दुईजना कर्मचारीले उद्योग रेखदेख गरेर बसेका छौं । उद्योगको क्षमता प्रतिदिन दैनिक १० टन धागो उत्पादन क्षमता थियो तर हाल मेसिन पुरानो भएकोले त्यति क्षमता राख्दैन ।' यो उद्योगमा नेपाल सरकारको करिव ५९ प्रतिसत र अन्य लगानी सर्वसाधारण, जनकपुर चुरोट कारखाना, खेतान समूह तथा साल्ट ट्रेडिङको रहेको बताईन्छ । पटक-पटक यो उद्योग सञ्चालनमा ल्याउने भनेर करिव ५० करोड लाग्ने अनुमान समेत गरिएको थियो ।

पश्चिम नेपालको औद्योगिक एवम् व्यापारीक केन्द्र बुटवलमा २०३२ सालमा बुटवल औद्योगिक क्षेत्रको स्थापना भयो । ४ सय ३४ रोपनी जमिनमा फैलिएको यो औद्योगिक क्षेत्र नेपालको १० वटा औद्योगिक क्षेत्रहरू मध्येको एक हो ।

औद्योगिक क्षेत्रमा जमिन, औद्योगिक भवन, सडक, विद्युत्, पानी, ढल आदि जस्ता आधारभुत पूर्वाधार उपलब्ध भएकोले उद्योग स्थापनाको लागि यो क्षेत्र औद्योगिक नगरीका रूपमा स्थापित भयो । देशको आर्थिक विकास औद्योगिकरणको माध्यमबाट गर्न भौतिक पूर्वाधार एकै ठाँउमा उपलब्ध गराउने गरी नेपाल सरकाले २०३२ सालमा आफ्नै प्राविधिक र आर्थिक स्रोतबाट निमार्ण गरेको यस क्षेत्रले




आफ्नो उद्देश्य अनुकुल भुमिका खेलिरहेको छ ।

औद्योगिक क्षेत्रमा रहेका विभिन्न प्रकारका ७० वटा उद्योगमध्ये हाल ६८ वटा उद्योग सञ्चालनमा रहेको बुटवल औद्योगिक क्षेत्र लिमिटेड प्रमुख दिपक आचार्य बताउँछन् ।

बुटवल औद्योगिक क्षेत्र रूपन्देही उद्योग संघका अध्यक्ष उपेन्द्र अग्रवालका अनुसार यस क्षेत्रमा उद्योग सञ्चालन गर्न जग्गा अभाव छ भनी अर्कोतर्फ ईन्धनको मूल्य बढेसँगै सिपिङ चार्ज र यहाँसम्मको ढुवानी चार्ज तथा कच्चापदार्थको मुल्य वृद्धिले अन्य उद्योगभन्दा पनि प्लास्टिक जन्य उद्योग बढि समस्या परेको छ ।

बुटवल धागो कारखाना सञ्चालनमा आउन नसक्दा जग्गा मेसीन त्यसै अलपत्र परिरहेकोले यो उद्योग चलाउने हो भनी पुरै नयाँ तरिकाले चलाउन आवश्यक रहेको पनि अध्यक्ष अग्रवाल भनाई छ । धागो कारखाना सञ्चानमा नआउने हो भनी यो जग्गामा अन्य उद्योग सञ्चालन गर्न जरुरी रहेको समेत उनले बताए ।

यहाँ रहेका उद्योग मध्ये १४४ रोपनी जग्गामा फैलिएको सबैभन्दा महत्वपूर्ण उद्योग बुटवल धागो कारखाना हो । यो बुटवल धागो कारखानाले औद्योगिक क्षेत्रले ओगटेको कुल भुभागको एक तिहाई भाग ओगटेको छ । जहाँ धागो उद्योगका लागि प्रयाप्त भौतिक पूर्वाधारहरू रहेका छन् । तर यो उद्योग १८ वर्षदेखि बन्द छ जहाँका महत्वपूर्ण मेसिन र पार्टपूर्जाहरू खिया लागेर त्यसै अलपत्र छन् ।

२०३९ सालमा स्थापना भएको नेपालकै महत्वपूर्ण बुटवल धागो कारखानाले झण्डै ८ वर्षपछि २०४७/०४८ सालबाट नियमित उत्पादन सुरु गरेको थियो । यहाँ उत्पादीत धागोको माग नेपाल मात्र नभई भारतमा समेत राम्रो हुदाँहुदै पनि उचित व्यवस्थापनको अभाव, राजनीतिक खिचातानी र कर्मचारी वीच हानथापका कारण पटक-पटक बन्द हुदैं खुल्दै आएको थियो ।

२०६४ साल फागुनदेखि बिबिध रूपमै यो उद्योग बन्द भयो । २०६६ सालमा ४०२ जना कर्मचारीलाई पे अफ गरेर बिदा दिएपछि त यो उद्योगको उत्पादनदेखि संपूर्ण काम बन्द नै छ । हाल यहाँ करोडौं मूल्य पर्ने महत्वपूर्ण उपकरणहरू खीया लागेर त्यसै थन्किएका छन् । महत्वपूर्ण धागो रंगाउने उपकरण त सञ्चालनमा नआउँदैदेखि नै थन्किएको थियो । सरकार परिवर्तनसँगै उद्योग मन्त्रीहरू पटक-पटक अवलोकन गर्न आउँदा सञ्चालनमा ल्याउने बताउँदै आए पनि सञ्चालन हुन सकेको छैन ।

धागो कारखाना बन्द भएपछि २०६७ साल पौषदेखि यहाँको गोदाम घर, कारखानाका केही भवन, बाहिरी बिल्डिंगमा दंगा नियन्त्रण प्रहरी बस्दै आएको छ । दंगा प्रहरी बसेपछि यो क्षेत्रको सुरक्षा र सरसफाईमा बल मद्दत पुगेको छ । उद्योगलाई आवश्यकता परे कुनैपनि बेला छाड्ने गरि दंगा नियन्त्रण प्रहरी बसेको बताईन्छ ।

यो बन्द उद्योगलाई सरकारले पुन:संचालनमा ल्याउने तयारी गरेको पनि धेरै भयो तर संचालनको कुनै सुरसार छैन । पछिल्लो समय पुर्ण बहुमतको बालेन्द्र नेतृत्वको सरकारले पनि उद्योग सञ्चालन गर्ने बताएको छ । तर पनि विश्वस्त हुने आधार भेटिएको छैन ।

संघीय तथा स्थानीय निर्वाचनमा यो उद्योग सञ्चालन गर्ने एजेन्डा बनेको पाईन्छ । उद्योगमन्त्री नबिन्द्रराज जोशीदेखि हालसम्म बनेका उद्योग मन्त्रीले यो उद्योगलाई पुन; संचालनमा ल्याउने वताएपछि यहाँका उद्योगी व्यवसायीमा केही उत्साह जगाएको थियो । तर त्यो उत्साह व्यवहारमा परीणत नहुँदा बुटवलवासी निरास छन् ।

'पुरानो चिनियाँ टेक्नोलोजीको यो उद्योगलाई आधुनिक तरिकाले सञ्चालनमा ल्याउन आवश्यक रहेको बताउँदै उद्योग चलाउन सरकारले राम्रो योजना ल्याउन जरुरी छ,' भन्छन् रूपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुली । पुराना मेशिन आधुनिक परिवेश र टक्नोलाजी अनुसार काम नलाग्ने भएकोले नयाँ मेशिन जडान गरेर आधुनिक तरिकाले उत्पादन गर्न सक्ने हो भनी थुप्रैलाई रोजगार दिन सकिने अध्यक्ष पराजुलीको भनाई छ ।

यो कारखाना बन्द हुँदा यस क्षेत्रमा रहेका थुप्रै दक्ष मजदुर कर्मचारीहरू प्रभावित भएका थिए । राम्रो बलियो र गुणस्तरीय धागो उत्पादन गर्दा गर्दै पनि व्यवस्थापनको कमजोरीले पटक पटक बन्द हुने सञ्चालन हुने गरेको यो उद्योग पुन सञ्चालनमा ल्याउदा धेरै राम्रो हुने बताउँछन् बुटवलका उद्योगी व्यवसायी ।

यो उद्योग संचालन गर्न सरकारले नीजि क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न जरुरी रहेको उद्योगीहरूको भनाई छ । उद्योग पुन:सञ्चालन गर्न करिब ५० करोड रूपैयाँभन्दा बढि रूपैयाँ आवश्यक पर्ने केही बर्ष अगाडि अनुमान भन्दा निकै बढि रूपैयाँ लाग्न सक्ने अनुमान छ ।

बुटवलकै गहनाको रूपमा रहेको बुटवल धागो कारखाना पुन: संचालनमा ल्याउने हो भने कुशल व्यवस्थापन र नयाँ प्रविधि आवश्यक छ । पटक पटक नीजि क्षेत्रलाई संचालन गर्न दिने चर्चा पनि चर्चामै सिमित रहेको छ । यो धागो कारखाना खजुरामा कपास उद्योग, बुटवल धागो उद्योग र हेटौडामा कपडा उद्योगको अवधारणा सहित स्थापना भएको हो । उद्योग पुन: संचालनमा आए सयौ सीप सिकेका मजदुरले पनि काम पाउने देखिन्छ तर आधुनिक प्रबिधिको प्रयोग विना नाफा आर्जन गर्नभनी सकिदैंन । मुलुककै ठूलो गुणस्तरीय धागो उत्पादन गर्ने क्षमता भएको यो धागो कारखानालाई सञ्चालनमा ल्याउन सरकारले स्पष्ट योजना वनाउन जरुरी छ । त्यसो हुन सके पश्चिम नेपालको औद्योगिक शहर बुटवलकै शान बढ्नेछ ।

# टेलिकमको डाटा सकिँदा स्वत: पैसा नकाटिने

**काठमाडौं (प्रस)–** नेपालको दूरसञ्चार क्षेत्रमा सेवा गुणस्तरबारे लामो समयदेखि उठ्दै आएका गुनासाहरूका बीच नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) मा सुधारका प्रयास थालिएका छन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाको निर्देशनपछि कम्पनीले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठोस कदम अघि बढाएको हो । विशेषगरी ग्राहक सेवा, मोबाइल डेटा व्यवस्थापन, डिजिटल सेवा विस्तार र प्रशासनिक प्रक्रियामा सुधार ल्याउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया अघि बढाइएको छ ।

सञ्चार मन्त्रालयले 'नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली' लागू गर्ने उद्देश्यसहित १० बुँदे सुधारात्मक कार्ययोजना ल्याएको छ । यस योजनामा नेपाल टेलिकमको सेवा सुधारलाई पनि प्राथमिकतामा राखिएको छ । यसअन्तर्गत ग्राहक सेवालाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ । विगतमा सेवा अवरोध, ढिलो प्रतिक्रिया, अनावश्यक प्रक्रियागत झन्झट र ग्राहकको गुनासो समाधानमा ढिलाइजस्ता समस्या बारम्बार उठ्दै आएका थिए । यिनै समस्यालाई सम्बोधन गर्न अहिले मन्त्रालय र कम्पनी दुवैले समन्वयात्मक ढंगले काम गरिरहेका छन् ।

नेपाल टेलिकमका प्रयोगकर्ताहरूले लामो समयदेखि डाटा प्याकेज सकिएपछि स्वत: मुख्य ब्यालेन्सबाट रकम काटिने समस्याबारे गुनासो गर्दै आएका थिए । अब यो प्रणाली अन्त्य गरिएको छ । यसको सट्टा ग्राहकले थप पारदर्शी र आफैं छान्न सक्ने विकल्पसहितको सेवा पाउनेछन् । अब ग्राहकले लिएको डाटा प्याकेजको ९० प्रतिशत खपत भएपछि पूर्वसूचना दिइनेछ । जसले बाँकी डाटा कति छ भन्ने जानकारी समयमै दिन्छ । यससँगै 'पे-एज-यू-गो' (पिएवाईजी) अर्थात् डाटा प्याकेजबिनै इन्टरनेट चलाउने र रकम काट्ने विकल्प उपलब्ध गराइएको छ । जसले ग्राहकलाई प्याकेजबिना पनि आवश्यकताअनुसार इन्टरनेट प्रयोग गर्नसक्ने सुविधा दिन्छ । साथै, ग्राहकले नयाँ प्याकेज लिने वा सिधै पिएवाइजी मोडमा जाने भन्ने निर्णय आफैं गर्न सक्नेछन् ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ